# विकल्प दैनिक पत्रिकाको सम्पादकीय अध्ययन

रेखा थापा
द्वितीय वर्षको परीक्षा क्रमाङ्क : २८१६८४/२०७०
त्रि.वि.दर्ता नं. : ९-२-३२९-६४८-२००८

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत
स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यांश (नेपा.शि.५९८)
प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

**२०७५(2018)**

नेपाली भाषा शिक्षा विभाग
शिक्षाशास्त्र केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ

## प्रतिबद्धता पत्र

यो शोध पत्र प्रतिवेदन भित्रका सामग्रीहरु कही कतैबाट साभार गरिएको छैन । यसमा कुनै पनि अंश प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका छैनन तसर्थ यो प्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

मिति : २०७५।०९।०१

(16 Dec, 2018)

..................

रेखा थापा

(शोधार्थी)

# सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तहको नेपाली विषयको पाठ्यांश (नेपा. शि. ५९८) प्रयोजनार्थ प्रस्तुत 'विकल्प दैनिक पत्रिकाको सम्पादकीयको अध्ययन' शीर्षकको शोधपत्र शोधार्थी रेखा थापाले मेरो निर्देशनमा अध्ययन तयार पार्नु भएको हो । म यस शोध कार्यसँग पूर्णतः सन्तुष्ट छु । अतः यस शोधपत्रको आवश्यक मूल्ङ्याकनका लागि सम्बद्ध निकायमा सिफारिस गर्दछु ।

मिति : २०७५।०८।१४

(30 Nov 2018)

........................................

गणेशबहादुर बोहरा

# स्वीकृतपत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत नेपाल शिक्षा विभागको छात्रा रेखा थापा स्नाकोत्तर तह दोस्रो वर्षको (नेपा.शि.५९८) प्रयोजनका लागि प्रस्तुत गरिएको 'विकल्प दैनिक पत्रिकाको सम्पादकीय अध्ययन' शीर्षकको प्रस्तुत शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

शोधपत्र मुल्याङ्कन समिति

| क.सं. | नाम थर | हस्ताक्षर |
|---|---|---|
| १. | प्रा.डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) | ......................... |
| २. | प्रा. डा. पारसमणि भण्डारी | ......................... |
| ३. | गणेशबहादुर बोहरा (शोध निर्देशक) | ......................... |

मिति : २०७५।०९।०१

(16 Dec, 2018)

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभागअन्तर्गत स्नातकोत्तर दोस्रो वर्षको नेपा.शि.५९८ पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत ´विकल्प दैनिक पत्रिकाको सम्पादकीयको अध्ययन' शीर्षकको शोधपत्र तयार पारिएको हो । यो शोधपत्रश्रद्धेय गुरु गणेशबहादुर बोहराको कुशल प्राज्ञिक निर्देशनमा तयार पारिएको हो ।

यस शोधपत्रमा तयार गर्ने क्रममा आरम्भदेखि हालसम्म उचित प्रेरणा, कुशल निर्देशन तथा महत्वपूर्ण सुझाव दिनु हुने श्रद्धेय गुरु गणेश बहादुर बोहराप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी यस शोधकार्य गर्ने क्रममा उचित सल्लाह सुझाव प्रदान गर्नु हुने श्रद्धेय गुरु प्रा.डा. रामप्रसाद भट्टराईप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसका साथै शोध लेखनमा हौसला प्रदान गर्नु हुने श्रद्धेय गुरु डा. राजेन्द्र खनाल तथा अन्य गुरुहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । अधिकांश शोध सामग्री उपलब्ध गराइदिनु हुने मेरो आदरणिय दिदी खुशी थापा महर्जन साथै पत्रिका उपलब्ध गराई सहयोग गर्नु हुने 'विकल्प दैनिक' पत्रिकाका सम्पादकलाई पनि विशेष आभार व्यक्त गर्दछु ।

यसै गरी मेरो स्नातकोत्तर सम्मको अध्ययनलाई निरन्तर रुपमा प्रोत्साहन गर्नुहुने तथा मलाई उच्च शिक्षा ग्रहण गर्नका निम्ति प्रेरणा र हौसला प्रदान गर्नु हुने मेरा आदरणीय मातापिता धर्मराज थापा र मैनादेवी थापा, मेरो अध्ययन कार्यको हरेक क्षणमा सहयोग गर्नु हुने जीवनका सहयात्री डबल बहादुर कटुवालप्रति अन्तर्मनबाट नै आभार व्यक्त गर्दछु । यसैगरी मलाई टाइप गर्नमा सहयोग गर्ने दाजु चक्रनारायण रावल, जनक केसी साथै मलाई पाइला-पाइलामा सहयोग गर्नु हुने सासु ससुरा धनसिंह कटुवाल र राजुदेवी कटुवाललाई आभार प्रकट गर्दछु ।

अन्त्यमा यस शोधपत्रका लागि लिइएका र साभार गरिएका विभिन्न पाठ्य सामग्रीका रचनाकारहरु, विकल्प दैनिक पत्रिकाका समाचार दाताहरु विभिन्न क्षेत्रबाट सहयोग गर्नु हुने आफन्त, साथीहरु तथा यस शोधलाई पूर्णता प्रदान गर्न कम्प्युटर सेटिङमा सहयोग गर्नु हुने निरगम कम्प्युटर सेन्टर कीर्तिपुरका हरिश्चन्द्र राई ज्यूलाई हार्दिक आभार व्यक्त गर्दछु ।

रेखा थापा

शाधार्थी

## शोध सार


प्रस्तुत शोध शीर्षक विकल्प दैनिक पत्रिकाको सम्पादकीय अध्ययन रहेको छ उक्त पत्रिकामा भएका शैली, विषयवस्तु, शीर्षक, संरचना वाक्यहरुको स्थिति व्याकरणकोटिको विश्लेषण के कस्तो रहेको छ भनी अध्ययन गरिएको छ । प्रस्तुत शोध पत्र त्रिभुवन विश्वविद्यालय इकाइ शिक्षाशास्त्र संङ्काय नेपाली भाषा शिक्षा विभाग अर्न्तगतको स्नाकोत्तर दोस्रो तहको पाठ्यांश नेपा शि ५९८ को आवश्यकता पूर्तिका लागि तयार पारिएको हो । कञ्चनपुर जिल्लाबाट प्रकाशित हुने विकल्प दैनिक पत्रिकाको सम्पादकीय शीर्षक, संरचना, विषयवस्तु शैली, काल, वाक्य, पक्ष र ध्रुवीयता पक्षको अध्ययन गर्नु यस शोधको मुख्य उद्देश्य हो ।

विकल्प दैनिक पत्रिकाको पत्रिकामा भएका सम्पादकीय विषयवस्तुलाई वि.स. २०७४ भदौ २० गते देखि २०७४ भदौ ३० गते सम्मका १० वटा सम्पादकीयलाई नमुनाको रुपमा छनोट गरिएको छ । यस अध्ययनमा सामग्री संङ्कलनको प्राथमिक स्रोतको रुपमा पत्रिकाका १० वटा सम्पादकीय नमुना छनोट र पुस्तकालयीय कार्य अपानाइएको छ । द्वितीयक स्रोतका रुपमा यस अध्ययनसँग सम्बन्धित पुस्तकहरु, अनुसन्धान सारहरु, शोध प्रतिवेदन आदिलाई अध्ययन गरिएको छ । यस अध्ययनमा पाँच वटा परिच्छेद रहेका छन । परिच्छेद एकमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, सीमाङ्कन र परिच्छेद दुईमा पूर्वकार्यको समीक्षा, सैद्धान्तिक अवधारणा, परिच्छेद तीनमा अध्ययन विधि र प्रक्रियामा शोध विधि जनसंख्या नमुना छनोट, नमुना छनोट प्रविधि, सामग्री सङ्कलनका स्रोत परिच्छेद पाँचमा सारांश, निश्कर्ष, उपयोगितामा नीतिगत तह र प्रयोगगत तह राखिएको छ । यसरी शोध पत्र सम्पुर्ण विद्यार्थी शिक्षक आमसञ्चार, पत्रकार तथा सम्बन्धित निकायहरुलाई महत्वपूर्ण र उपयोगी हुने अपेक्षा गरिएको छ ।

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अर्न्तगतको स्नाकोत्तर दोस्रो तहको पाठ्यांश नेपा शि ५९८ को आवश्यकता पूर्तिका लागि तयार पारिएको हो । कञ्चनपुर जिल्लाबाट प्रकाशित हुने विकल्प दैनिक पत्रिकाको सम्पादकीय शीर्षक, संरचना, विषयवस्तु शैली, काल, वाक्य, पक्ष र ध्रुवीयता पक्षको अध्ययन गर्नु यस शोधको मुख्य उद्देश्य हो ।

निष्कर्षमा भन्नुपर्दा विकल्प दैनिक पत्रिकाको सम्पादकीय संरचनाको रुपमा २,३ ४ शब्दमा संरचित रहेका छन् । उक्त पत्रिकाको पत्रिकामा भएका सम्पादकीय विषयबस्तुकाआधारमा सांस्कृतिक, राजनीतिक, सर्तक गराउने, विश्लेषणसँग सम्बन्धित लेखिएका छन् र संरचनागत दृष्टिले विवेच्य पत्रिकाको सम्पादकीयका अनुच्छेद ३ अनुच्छेदसम्ममा संरचित रहेका छन् । शैलीगत हिसाबले सम्पादकीयमा चार प्रकारका शैलीको प्रयोग गरिएको छ । आलोचना गर्ने, प्रशंसा गर्ने, विश्वास दिलाउने,कुरा बुझाउने शैलीहरु रहेका छन् ।सम्पादकीयमा सरल वाक्यको प्रयोग अत्यधिक गरिएको पाइयो र भूतकाल र अभूतकालको वाक्यहरु प्रयोग हुनाका साथै 'विकल्प दैनिक' पत्रिकाको सम्पादकीयलाई सैद्धान्तिक हिसाबले स–साना गल्ति कमजोरी वर्णविन्यासगत त्रुटिहरु रहेता पनि सम्पादकीयहरु समय सान्दर्भिक र उपयुक्त नै रहेका छन् ।

## विषय सूची

### परिच्छेद-एक


१.१ पृष्ठभूमि १
१.२ समस्या कथन २
१.३ अध्ययनको उद्देश्य २
१.४ अध्ययनको सीमाङ्कन ३
१.५ अध्ययनको सान्दर्भिकता र उपादेयता ३
१.६ शोध रुपरेखा ४


### परिच्छेद-दुई

### पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा


२.१ पूर्वकार्यको समीक्षा ५
२.१.१ पुस्तक समीक्षा ५
२.१.२ शोध समीक्षा ६
२.२ सैद्धान्तिक अवधारणा १०
२.२.१ भाषा १०
२.२.२ सञ्चार ११
२.२.३ आम सञ्चार १२
२.२.४ आम सञ्चार माध्यमका किसिम १३
२.२.५ छापा माध्यम १३
२.२.६ समाचार पत्र १४
२.२.७ विद्युतीय माध्यम १५
२.३ सम्पादकीय १७
२.३.१ सम्पादकीयको परिचय १७
२.३.२ सम्पादकीयको अर्थ १८
२.३.३ सम्पादकीयको भाषा १९
२.३.४ सम्पादकीयको संरचना १९
२.३.५ सम्पादकीय शैली २०
२.३.६ सम्पादकीयको शीर्षक २१

२.३.७ सम्पादकीय कार्य २१
२.३.८ सम्पादकीयको विषयवस्तु २२
२.३.९ असल सम्पादकीयका विशेषता २२
२.३.१० व्याकरणिक कोटि २३
२.३.११ सम्पादकीयमा राख्न नमिल्ने कुराहरू २३

**परिच्छेद : तीन**

**शोध र प्रक्रिया**

३.१ शोधविधि २४
३.२ अध्ययन प्रक्रिया २४
३.२.१ जनसङ्ख्या २४
३.२.३ नमुना छनोट २४
३.२.४ नमुना छनोट प्रविधि २४
३.३ सामग्री सङ्कलनका स्रोत २५
३.४ सामग्रीको कार्यान्वयन २५
३.५ सामग्रीको व्याख्या तथा विश्लेषण २६

**परिच्छेद : चार**

**व्याख्या तथा विश्लेषण**

४.१ 'विकल्प राष्ट्रिय' दैनिक पत्रिको सम्पादकीय अध्ययन २७
४.१.१ शीर्षक २८
४.१.२ विषयवस्तु २९
४.१.३ शैली ३०
४.१.४ संरचना ३१
४.२ विकल्प पत्रिकाको सम्पादकीयमा प्रयुक्त वाक्यको स्थिति ३४
४.३ 'विकल्प' पत्रिकाको सम्पादकीयमा परियुक्त व्याकरणिक कोटीको विश्लेषण ३६
४.३.१ काल ३७
४.३.२ पक्ष ३९
४.३.३ ध्रुवीयता ४१

## परिच्छेद : पाँच

## सारांश, निष्कर्ष र उपयोगिता


५.१ सारांश ४३

५.२ निष्कर्ष ४५

५.३ उपयोगिता ४६

५.३.१ नीतिगत तह ४६

५.३.२ प्रयोगगत तह ४६

५.४ सुझाव ४७

पुस्तक सूची ४९

शोधपत्रहरु ५१

## परिच्छेद-एक

## शोध परिचय

### १.१ पृष्ठभूमि

भाषा संस्कृतको 'भाष्' धातुबाट बनेको शब्द हो । यसको शाब्दिक अर्थ बोल्नु वा भन्नु हो । यसको अर्थ आफ्नो भावलाई व्यक्त गर्नका जुन सार्थक मौखिक साधनलाई अपनाइन्छ त्यही नै भाषा हो । सामाजिक सम्पर्कको प्रभावशाली माध्यम भाषा सञ्चारको सशक्त माध्यमका रूपमा रहेको छ । भाषाको काम व्यक्तिहरूका बीच आपसी विचार विनियम गर्ने मात्र होइन, आपसमा आत्मीयता तथा समझदारी बढाउनु हो (अधिकारी, २०६५:९) । मानिसले आफूमा भएको सहज ज्ञानको माध्यमले सञ्चार गर्दछ, सूचना आदान प्रदान गर्दछ र ज्ञान बटुल्दछ ।

भाषाका माध्यमबाट मानिसले आफ्ना सूक्ष्माति सूक्ष्म भाव, कल्पना, अनुभव, अनुभूति र विचारलाई प्रकट गर्न सक्छ । भाव र विचार आत्मिक कुरा हुन् भने भाषा भौतिक वस्तु हो । भाषाको मौखिक र लिखित गरी दुई माध्यम हुन्छन् । मौखिक माध्यम उच्चार्य र श्रव्य प्रक्रियामा आधारित हुन्छ भने लेख्य भाषा दृश्यात्मक किसिमको हुन्छ । भाषाको माध्यमबाट मानिसले आफ्नो विचार र भावनाहरूलाई सम्प्रेषण गर्दछ । भाषा सञ्चारको सशक्त माध्यम हो भने समाचार पत्र भनेको एक छापा माध्यम हो । समाचार पत्रमा विभिन्न खण्डहरू रहेका हुन्छन् त्यसमध्ये सम्पादकीय खण्ड एक महत्वपूर्ण खण्ड हो । पत्रिकामा एउटा मात्र यस्तो स्थान हुन्छ जहाँ पत्रिकाले आफ्नै नीति, विचार र दृष्टिकोण राख्ने छुट हुन्छ । यही स्थान वा स्तम्भलाई सम्पादकीय भनिन्छ । यो अखबारको स्थायी स्तम्भ हो । यसलाई लिडर पनि भनिन्छ (खनाल, २०७०:२४०) । प्रायः समसामयिक विषयवस्तुका सम्बन्धमा आफ्नो प्रकाशन संस्थाको नीति वा विचार व्यक्त गरिन्छ । यो समाचार पत्रको निश्चित स्थानमा प्रकाशित हुने गर्दछ । यो समसामयिक विषयवस्तुका सम्बन्धमा प्रकाशन संस्थाको आफ्नो नीति वा विचार व्यक्त गरिएको सञ्चार क्षेत्रमा प्रयोग हुने भाषा अन्य क्षेत्रको भन्दा पृथक् रहेको हुन्छ । समाचारको प्रकृतिअनुसार फरक भाषाको प्रयोग भएको हुन्छ । समाचारपत्रमा कार्टुन, विज्ञापन, समाचार, लेख सम्पादकीय आदि स्तम्भहरू पर्दछन् । ती स्तम्भहरूमध्ये सम्पादकीयको अध्ययन गरिएको छ ।

## १.२ समस्या कथन

अनुसन्धानका लागि छनोट गरिएको कुनै पनि विषयवस्तुलाई समस्याको रूपमा लिइन्छ । समस्या कथनबाट शोधकार्य अगाडि बढ्छ । सम्पादकीय स्तम्भ पत्रिकाको मूल स्तम्भ हो । यो पत्रिकाको दृष्टिकोण वा विचार राख्ने ठाउँ हो । सम्पादकीय लेख्दा सबै स्तर तहका पाठकहरूलाई मध्यनजर गरेर सरल, स्पष्ट वस्तुनिष्ठ, समसामयिक सन्देशपरक र निष्पक्ष हुनु आवश्यक देखिन्छ । नेपाली भाषामा आधुनिकीकरणका प्रयासहरू भए पनि भाषाको प्रयोगका सन्दर्भमा मानक निर्धारण भइसकेको छैन । फलस्वरूप नेपाली समाचार पत्रहरूमा भाषाको प्रयोगमा विविधता रहेको पाइन्छ ।

यस शोधमा विकल्प न्यूज पब्लिकेशन प्रा.लि.महेन्द्रनगरबाट प्रकाशित हुने विकल्प राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयको अध्ययनअन्तर्गत संरचना, शैली, विषयवस्तु, शीर्षक, वाक्यतत्व र वाक्यका प्रकारलाई समस्याको रुपमा लिइएको छ ।

प्रस्तावित शोधपत्र 'विकल्प राष्ट्रिय दैनिक' पत्रिकाको सम्पादकीयको अध्ययन निम्न समस्यामा केन्द्रित रहेको छ :

(क) 'विकल्प राष्ट्रिय दैनिक' पत्रिकाको सम्पादकीय शैली विषयवस्तु, शीर्षक र संरचना के कस्तो रहेको छ ?

(ख) उक्त पत्रिकाको सम्पादकीयमा के-कस्ता वाक्य प्रयोग गरिएको छ ?

(ग) उक्त पत्रिकाको सम्पादकीयमा वाक्य कोटिको स्थिति कस्तो रहेको छ ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि कार्यक्रम सफल र प्रभावकारी बनाउनका लागि निश्चित लक्ष्य र उद्देश्यहरू हुनु आवश्यक पर्दछ । उद्देश्यलाई शोध पत्रको केन्द्रविन्दु मानिन्छ । जुनसुकै अनुसन्धान पनि उद्देश्यअनुसार नै अगाडि बढेको हुन्छ । अतः प्रस्तुत शोधका उद्देश्यहरू निम्न रहेका छन् :

(क) 'विकल्प राष्ट्रिय दैनिक' पत्रिकाको सम्पादकीयको शैली, विषयवस्तु, शीर्षक र संरचनाको अध्ययन गर्नु ।

(ख) उक्त पत्रिकाको सम्पादकीयमा प्रस्तुत वाक्यहरूको स्थिति पहिल्याउनु ।

(ग) उक्त पत्रिकाको सम्पादकीयमा प्रयुक्त व्याकरण कोटिको विश्लेषण गर्ने ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपदेयता

यस अध्ययनले खास गरी नेपाली समाचार पत्र वा पत्रिकासँग सम्बन्धित पक्षलाई बढी महत्व दिन पत्रिकासँग सम्बन्धित पक्षलाई बढी महत्व दिन सक्ने छ । त्यसैगरी यस अध्ययनबाट सम्पादकीयसँग सम्बन्धित व्यक्तिलाई बढी सहयोग पुग्ने देखिन्छ । त्यसैगरी प्रस्तावित शोध कार्यबाट प्राप्त निष्कर्ष र सुझावले अबका सम्पादकीय लेखको भाषा सम्बन्धी प्रयोगमा सम्पादकहरुलाई सहयोग पुग्ने देखिन्छ । यस शीर्षकको अध्ययनबाट भाषाको अध्ययन तथा अनुसन्धान गर्ने जो कोहीलाई पनि थप सहयोग पुग्ने छ । सम्पादकीयलाई आधिकारीक पाठ्य शैक्षिक सामग्रीका रुपमा प्रयोग गर्ने शिक्षक विद्यालयको लागि अध्ययन उपयोगी हुनेछ ।

## १.५ अध्ययनको सीमाङ्कन

अध्ययनको क्षेत्रलाई स्पष्टसँग किटान गर्नु के कति विषयको अध्ययन गर्ने भनी उल्लेख गर्नुपर्दछ । शोधकार्यको शीर्षकअन्तगृत कुन पक्षको के कति अध्ययन गर्ने हो सो कुराको किटान गर्नुलाई शोधकार्यको सीमाङ्कन भनिन्छ । अध्ययनको सीमाङ्कनबाट अनुसन्धानकर्तालाई एउटा निश्चित दिशामा शोधलाई अगाडि बढाउन सहयोग पुग्दछ ।

'विकल्प राष्ट्रिय दैनिक' पत्रिकाको सम्पादकीयको अध्ययन शीर्षकको शोध कार्यलाई निम्नअनुसार सीमाङ्कन गरिएको छ :

१. 'विकल्प दैनिक पत्रिकाकाको सम्पादकीयको संरचनामा पक्षको अध्ययन शीर्षक, शैली, संरचना र विषयवस्तुको आधारमा अध्ययन गरिएको छ ।

२. उक्त पत्रिकाको सम्पादकीय भाषिक पक्षको अध्ययन काल, पक्ष, करण, अकरण र वाक्य तत्वका आधारमा रही अध्ययन गरिएको छ ।

३. उक्त पत्रिकाको सम्पादकीयको वाक्यको अध्ययन संरचनागत आधारमा मात्र गरिएको छ ।

४. प्रस्तुत शोधपत्रमा 'विकल्प दैनिक' पत्रिकाको २०७४ साल भदौ २० गतेदेखि ३० गते सम्मका १० वटा सम्पादकीयलाई लिइएको छ ।

### १.६ शोधपत्रको रुपरेखा

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय

परिच्छेद तीन : शोध विधि र प्रक्रिया

परिच्छेद चार : व्याख्या तथा विश्लेषण

परिच्छेद पाँच : सारांश, निष्कर्ष, उपयोगीता

# परिच्छेद-दुई

## पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

### २.१पूर्वकार्यको समीक्षा

सूचना प्रविधिको विकाससँगै सञ्चारको पनि दिन प्रतिदिन बढ्दै गएको छ । जसले गर्दा एक ठाउँमा भए गरेका घटना विश्वभरी नै एकैछिन थाहा हुने गर्दछ । पछिल्लो समयमा सञ्चार माध्यमका सम्बन्धमा अध्ययन, अनुसन्धान समेत हुन थालेको पाइन्छ । नेपालमा सञ्चार माध्यमका रूपमा देखिएका पत्रपत्रिका, टेलिभिजन, रेडियो लगायत प्रयुक्त साधनहरूमाथि समेत आज अध्ययन, अनुसन्धान हुन थालेको छ । यस्ता कार्यले नेपाली सञ्चार माध्यमलाई अझ थप राम्रो, प्रभावकारी र व्यवस्थित पार्नका लागि ठूलो सहयोग हुने गर्दछ । यस शोधमा नेपाली मिडिया, पत्रपत्रिका, सम्पादकीयको विषयमा लेखिएको पुस्तक, लेख रचना, विभिन्न संघ संस्थाका बुलेटिन म्यागाजिन, जर्नल, पत्रपत्रिका आदिलाई शोध सामग्रीको रूपमा प्रयोग गरिने छ । पूर्वकार्यको समीक्षालाई यहाँ पुस्तकसँग सम्बन्धित र शोधपत्रका सम्बन्धित अलग-अलग समीक्षा गरिएको छ ।

### २.१.१ पुस्तक समीक्षा

देवकोटा (२०६९) द्वारा 'नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास' साझा प्रकाशनबाट प्रकाशित भएको छ । सम्पादकीयको मूल उद्देश्य संरचना शैली विषयवस्तुलाई आधार बनाइएको छ । पत्रिकाको सम्बन्ध एउटा अर्को अत्यन्त महत्वपूर्ण कुरातिर ध्यानाकर्षण गर्न मन लागेको छ । समाचारपत्रहरूको भाव व्यक्त गर्ने साधन भाषा नै हुनाले हाम्रा सम्पादक वर्गले यो कुराको विचार गर्नु उपयुक्त छ । समाचारपत्रको काम हतार हतार सम्पन्न गर्नुपर्छ भनी हाम्रा पत्रकारवर्गले भाषाको समस्यामाथि विचार गरेनन् भने साहित्यका अरु क्षेत्रमा झैँ शिथिल वा अशुद्ध वा शक्तिहीन भाषाले जनताबाट स्वागत पाउन गाह्रो छ । पाठकको हृदयमा स्पर्श गर्ने, सबैले बुझ्ने तथा पढ्ने बित्तिकै मानिसले हो भन्ने भाषा तथा शैली पत्रकारहरूले विकास गर्नु नितान्त आवश्यक छ । समाचार तथा विचारलाई सरल, स्पष्ट, आकर्षण तथा वैज्ञानिक रीतिले प्रस्तुत गर्ने कुरापट्टि पनि हाम्रो सम्पादक तथा लेखक वर्ग दत्त चित्त गराउँदै सुझाव र निष्कार्ष निकालिएको छ ।

उप्रेती (२०६७) द्वारा 'सञ्चार अनुसन्धान पद्धति र अभ्यास साझा' प्रकाशनबाट प्रकाशित भएको छ । आम सञ्चारको केन्द्रभूमिमा मानवीय र सामाजिक यथार्थ तथा वस्तुस्थितिका चारित्रिक विशेषताहरू उजागर गरी समाजलाई उन्नत, गतिशील र चेतनशील बनाउने दिशामा अनुसन्धानको अतुलनीय भूमिका रहने गर्दछ । पत्रकारिता र आमसञ्चार विषयको उच्च शिक्षा सञ्चार अनुसनधन र सामाजिक विकास अध्ययन अध्यापनका लागि गहकिला र सान्दर्भिक सिर्जनशील पाठ्य सामग्रीको अभाव महसुस भइरहेको बेला आम सञ्चारलाई केन्द्रभूमिमा राखी तयार गरिएको यस पुस्तकले समय र सन्दर्भको अभाव पूर्तिमा विशेष महत्व दिई निष्कर्ष निकालिएको छ ।

### २.१.२ शोध समीक्षा

समाचारपत्रको सम्पादकीयसँग सम्बन्धित अध्ययन भएका केही शोधपत्र निम्नलिखित रहेका छन् :

नेपाल (२०६६) द्वारा 'नेपाल समाचारपत्रको कार्टुन स्तम्भमा प्रयुक्त नेपाली भाषाको अध्ययन' शीर्षकमा अनुसन्धान गरी शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा कार्टुनका भौतिक विशेषताहरू पहिल्याउन, कार्टुनमा प्रयुक्त भाषाको वाक्य ढाँचा र वाक्य कोटिको पहिचान गर्नु, शब्दको प्रयोगगत शैली विश्लेषण गर्नु जस्ता उद्देश्य रहेका छन् । उक्त शोधमा नेपालका प्रमुख राष्ट्रिय दैनिक पत्रिकाहरू गोरखापत्र, कान्तिपुर, अन्नपूर्ण पोष्ट र नागरिक दैनिक गरी जम्मा ४ वटा पत्रिकाका ४८ वटा कार्टुनलाई नमुनाका रूपमा लिइएको छ । उक्त अध्ययन विशेषतः पुस्तकालीय तथा वर्णनात्मक विधि अपनाइएको छ । कार्टुनमा रहेका भौतिक विशेषता व्याकरणीय पक्ष, शैली आदिलाई आधार बनाई सामग्रीबाट प्राप्त तथ्याङ्कको तालिकीकरण व्याख्या र विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

ढुङ्गाना (२०६६) द्वारा 'नेपाली दैनिक समाचारपत्रहरूमा प्रयुक्त भाषाको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा समाचारपत्रहरूमा प्रयुक्त भाषिक स्वरूप पहिल्याउनु, समाचार प्रस्तुतिको तुलनात्मक अध्ययन र भाषा प्रयोगको अवस्था पत्ता लगाउनु जस्ता उद्देश्य रोखेको छ । गोरखापत्र, कान्तिपुर र अन्नपूर्ण पोष्ट दैनिकका दसवटा अङ्कलाई नमुना छनोटका रूपमा लिइएका पाइन्छ । उक्त पत्रिकाको समाचार खण्डमा नदोहोरिएका शब्दहरूको सङ्कलन तालिकामा स्रोत समेत खुलाई वर्णविन्यासगत

त्रुटिहरूलाई केलाउने र समाचारको प्रस्तुतीकरणको तुलनात्मक अध्ययन गरी वर्णविन्यासगत त्रुटिहरू रहेको समेत निष्कर्ष निकालिएको छ ।

शर्मा (२०६७) द्वारा 'नागरिक दैनिक पत्रिकाको सम्पादकीय प्रयुक्त भाषाको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको पाइन्छ । काठमाडौंबाट प्रकाशित हुने नागरिक दैनिक पत्रिकाको २०६६ पुस १५ गतेदेखि २०६७ मंसिर १५सम्मका प्रत्यके महिनाको १५ गतेको सम्पादकीयलाई नमुना छनोट गरी अध्ययन गरिएको छ । उक्त अध्ययनमा नागरिक दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषा, वाक्यका प्रकार, वाक्यकोटि र शब्दभण्डारको अध्ययन गरिएको पाइन्छ । उक्त अध्ययनमा पत्रिकाको सम्पादकीयको संरचना, विषयवस्तु, शैली र शीर्षकको अध्ययन, सम्पादकीयमा प्रयुक्त वाक्यको अध्ययन, पदसङ्गतिको अध्ययन गर्नु जस्ता उद्देश्य रहेको पाइन्छ । यस अध्ययना सामग्री सङ्कलनका निम्ति पुस्तकालयीय पद्धति अँगालिएको छ । यसका साथै सम्पादकीयहरू तीनदेखि चार अनुच्छेदमा संरचित गर्नु उपयुक्त हुने निष्कर्ष निकालिएको छ ।

धिताल (२०६८) द्वारा 'नेपाली दैनिक समाचारपत्रमा प्रयुक्त पारिभाषिक शब्दावलीको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । नेपाली दैनिक समाचारपत्रमा प्रयुक्त पारिभाषिक शब्दावलीलाई वर्णानुक्रममा राख्ने र तिनको अर्थ तथा परिभाषा प्रस्तुत गर्ने जस्ता उद्देश्यहरूमा शोधकार्य केन्द्रित रहेको छ । राष्ट्रिय दैनिक समाचारपत्र कान्तिपुर, गोरखापत्र, नागरिक र अन्नपूर्ण पोष्ट र नेपाल समाचारपत्रलाई प्राथमिक स्रोतका रूपमा लिई परिभाषित शब्दावली सङ्कलन गरी अर्थ र परिभाषा प्रस्तुत गरिएको छ । यस अध्ययनमा समेटिएका शब्दावली अधिक रहेको निष्कर्ष निकालिएको छ ।

बास्तोला (२०६९) द्वारा 'नेपाली समाचार पत्रका खेलकुद खण्डमा प्रयुक्त भाषाको अध्ययन' गरिएको पाइन्छ । उक्त अध्ययनमा नेपाली समाचारपत्रका खेलकुद खण्डमा प्रयुक्त भाषाको शब्दको अध्ययन गर्नु, वाक्यकोटि व्याकरणिक प्रयुक्त भाषाको शब्दको अध्ययन गर्नु तथा कोड मिश्रणको स्थिति अध्ययन गर्नु जस्ता उद्देश्य रहेका छन् । उक्त अध्ययनमा २०६८ चैत्र २० गतेसम्म प्रकाशित भएका जम्मा तीनवटा नेपाली समाचार पत्रहरू गोरखापत्र, कान्तिपुर र नागरिक दैनिकका पन्ध्र दिनसम्म प्रकाशित जम्मा तीनवटा नेपाली समाचार पत्रहरू गोरखापत्र, कान्तिपुर र नागरिक दैनिकका पन्ध्र दिनसम्म प्रकाशित जम्मा ४५ वटा पत्रिका छनोट गरी तथ्याङ्कको तालिकीकरण गरिएको धेरैजसो खेलकुदमा शब्दमा

दृष्टिले तत्सम शब्द बढी रहेको क्रियाको सन्दर्भमा सामान्य पक्षको प्रयोग बढी भएको ध्रुवीयतालाई आधारमा अकरण, करण र कालका दृष्टिले भूतकालको प्रयोग भएको पाइन्छ भने भाषिक कोड मिश्रणका सन्दर्भमा कोड मिश्रण भएका वाक्यहरूको सङ्ख्या अत्यधिक पाइएको निष्कर्ष निकालिएको छ ।

प्रसाई (२०६९) द्वारा 'मेची टाइम्स पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरेको पाइन्छ। उक्त अध्ययनमा 'मेची टाइम्स' को सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन गर्नु, सम्पादकीयको भौतिक पक्षको अध्ययन गर्नु सम्पादकीयको आन्तरिक पक्षको अध्ययन गर्नु, उक्त सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन गर्नु, सम्पादकीयको भौतिक पक्षको अध्ययन गर्नु, सम्पादकीयको आन्तरिक पक्षको अध्ययन गर्नु, उक्त सम्पादकीयमा प्रयुक्त भाषाको कमी कमजोरीहरूको अध्ययन गर्नु जस्ता उद्देश्य राखेको पाइन्छ । अभियान दैनिक पत्रिका २०६८ फाल्गुन १ देखि २०६८ फाल्गुण १६ गतेसम्मका १२ वटा सम्पादकीयलाई नमुना छनोट गरिएको उक्त अध्ययनमा पुस्तकालीय विधि अपनाइएको छ ।

कटुवाल (२०७०) द्वारा 'कान्तिपुर पत्रिकाको विज्ञापनमा प्रयुक्त भाषाको अध्ययन' शीर्षकमा शोधपत्र गरेको पाइन्छ । उक्त अध्ययनमा विज्ञापनमा प्रयुक्त भाषा शैलीको अध्ययन गर्नु विज्ञापनमा प्रयुक्त भाषामा वर्णविन्यासको पहिचान गर्नु जस्ता उद्देश्य रहेका छन् । उक्त अध्ययनमा कान्तिपुर दैनिक पत्रिकाको २०६९ वैशाखदेखि २०६९ चैत्रसम्मका प्रत्येक महिनाको पहिलो हप्ताका आइतबारका चारवटा विज्ञापन सङ्कलन गरेर जम्मा ४८ वटा विज्ञापनलाई नमुना छनोट गरिएको छ । सामग्री सङ्कलनमा पुस्तकालीय विधिलाई अपनाई प्राप्त सामग्रीलाई वर्णात्मक विधिका माध्यमबाट विश्लेषण गरिएको छ । कान्तिपुरमा प्रयुक्त सम्पूर्ण शब्दहरूको सङ्कलन गरिएको हिन्दी र अङ्ग्रेजी भाषाबाट आएका शब्दकोशले समेत आगन्तुक शब्द भनेर समेटेका अधिक प्रयोग भएको निष्कर्ष निकालिएको छ ।

देवकोटा (२०७०) द्वारा 'नयाँ जनदिशा दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषा शीर्षकमा अध्ययन' गरिएको पाइन्छ । उक्त अध्ययनमा पत्रिकाको सम्पादकीयका संरचना विषयवस्तु शैली र शीर्षकको अध्ययन गर्नु, सम्पादकीयमा पत्रिकाको सम्पादकीयको प्रयुक्त काल उखान टुक्काको स्थिति पत्ता लगाउनु जस्ता उद्देश्य रहेका छन् । उक्त अध्ययन २०६९

फाल्गुण १ गतेदेखि २०७० साल वैशाख ३० गतेसम्म प्रकाशित ९० वटा सम्पादकीयको सम्भावनात्मक नमुना छनोटका रूपमा १५ वटा सम्पादकीयलाई लिइएको छ । सामग्री सङ्कलनका लागि पुस्तकालीय विधि र प्राप्त सामग्रीलाई वर्णनात्मक र विश्लेषणात्मक पद्धतिका माध्यमबाट विश्लेषण गरिएको छ । नयाँ जनदिशा पत्रिकाको सम्पादकीय शीर्षक सरल र स्पष्ट भएको संरचनाको हिसाबले सम्पादकीय सिद्धान्तअनुसार सम्पादकीय नभएको निष्कर्ष निकालिएको छ ।

अयडी (२०७०) द्वारा 'एञ्जिल टाइम्स दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन' नामक शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त शोधपत्रमा सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन गर्नु, सम्पादकीयको भौतिक पक्षको अध्ययन गर्नु जस्ता उद्देश्य रहेका छन् । वि.सं.२०६९ साल फाल्गुनदेखि वि.सं.२०७० साल जेष्ठसम्मका प्रत्येक आइतबारको एञ्जिल टाइम्स दैनिक पत्रिकाको सम्पादकीयलाई नमुनाका रूपमा छनोट गरिएको यस अध्ययन पुस्तकालयीय विधिको प्रयोग गरिएको पाइन्छ । उक्त अध्ययनमा राजनीतिक वियवस्तुमा बढी सम्पादकीय लेखिएको, सरल वाक्यभन्दा जटिल वाक्यको प्रयोग बढी भएको निष्कर्ष निकालिएको छ भने सम्पादकीय सरल वाक्यमा लेखिनु नराम्रो मानिने एउटै विषयवस्तुलाई बारम्बार नदोहोऱ्याई सबै विषयवस्तु समेटी सम्पादकीय लेख्नु पर्ने सुझाव प्रस्तुत गरिएको छ ।

कुइँकेल (२०७१) द्वारा 'सम्प्रेषण पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । यस अध्ययन नेपाली भाषा शिक्षा विभागद्वारा प्रकाशित सातवटा अङ्कलाई नमुनाको रूपमा लिई पुस्तकालयीय विधिलाई आत्मसात गरी व्याख्या विश्लेषण गरिएको छ । यस पत्रिकाका सम्पादकीयका संरचना, शीर्षक, विषयवस्तु, शब्दभण्डार आदिको अध्ययन गर्न यस शोधका मुख्य उद्देश्य हो । सम्पादकीयका संरचना ४ र ५ अनुच्छेदमा संरचित हुन जटिल वाक्यको प्रयोग बढी हुनु करणवाक्य र कर्तृवाच्य धेरै पाइनु जस्ता निष्कर्ष निकालिएको छ ।

यसरी समाचारपत्रमा भाषाको प्रयोग सम्बन्धी केही अनुसन्धानहरू भएको पाइन्छ । यी अध्ययन अनुसन्धानहरूमा पनि सम्पादकीयमा प्रयोग भएको भाषाका विभिन्न पक्षलाई लिएर अध्ययन विश्लेषण गरिएको छ । नेपाल खबर पत्रिकाको सम्पादकीयमा प्रयुक्त नेपाली भाषाको प्रयोग गरिएका भाषाका विविध पक्षमा केन्द्रित रहेर अध्ययन विश्लेषण गरिएको

छ । यसको अध्ययन गर्दा यो विषयसँग सम्बनिध्त के-कस्ता कार्यहरू भएका छन् भन्ने बारे जान्नु पर्ने भएकाले यहाँ पत्रिकाको सम्पादकीयसँग सम्बनिध्त रही पूर्व कार्यहरूको पुनरावलोकन बारे चर्चा गरिने छ ।

## २.२ सैद्धान्तिक अवधारण

समाचार सङ्कलन र लेखन कार्य गर्ने व्यक्ति पत्रकार हो । समाचार लेख्ने व्यक्ति समाचारको सैद्धान्तिक ज्ञान हुनु अपरिहार्य छ । जो पनि मानिस पत्रकार बन्न सक्दैन । सम्पादकीय लेखन कार्य त झन् महत्वपूर्ण कार्य हो । यसका लागि उसले सम्पादक के हो ? किन लेखिन्छ त्यसको प्रभाव के पर्छ भन्ने सम्बन्धमा भरपूर जानकारी लिन आवश्यक छ । यसरी सम्पादकीय समाचार लेख्दा विविध पक्षहरूको ज्ञान हुनु अपरिहार्य छ । ती पक्षहरू निम्न लिखितअनुसार प्रस्तुत गरिएको छ :

### २.२.१ भाषा

संस्कृतको 'भाष्' धातुबाट 'भाषा' शब्दको निर्माण भएको हो । यसको शाब्दिक अर्थ 'बोल्नु' वा 'भन्नु' हो । यस अर्थमा जे बोलिन्छ त्यो भाषा हो । यसरी शाब्दिक रूपमा मानवीय बोलीका रूपमा भाषालाई चिनाउन सकिन्छ । व्यापक अर्थमा केही कुरा व्यक्त गर्ने सङ्केतलाई भाषा भनिए पनि भाषा वैज्ञानिक सन्दर्भमा मानवीय उच्चारण अवयवद्वारा उच्चारित यादृच्छिक ध्वनि प्रतीकहरूको व्यवस्थालाई भाषा भन्ने गरिएको छ । भाषा विचार विनिमयको माध्यम हो तर विचार विनिमयका साथै माध्यमहरूलाई भाषा भनिदैनन् । आँखा झिम्क्याएर, हातले इसारा गरेर, ताली बजाएर गरिने विचार विनिमय भाषा होइन । त्यसैगरी भाषालाई अनुभव, विचार, संवेदनाहरूको माध्यमका रूपमा लिइन्छ ।संरचनाको सशक्त माध्यमको रूपमा रहेको भाषा सामाजिक सम्पर्कको प्रभावशाली माध्यम हो ।भाषाबाटै मानिसले आफूले चाहेको जुनसुकै भाव, इच्छा, घरमा, परिवेश र वस्तुबारे अभिव्यक्ति दिन वा बुझ्न सक्छ । भाषा यादृच्छिक वाक् प्रतीकहरूको त्यो व्यवस्था हो जसका सहायताले समाजमा मानिसहरू सञ्चार गर्छन् (ओझा, २०६५:०५) । भाषाका माध्यमबाट मानिसले आफूमा लागेका कुराहरू अरु समक्ष पुऱ्याउँछ तथा अरुका कुराहरू आफूले ग्रहण गर्दछ । भाषाविकास र विस्तारका लागि सञ्चारको साधनको महत्वपूर्ण योगदानरहेको हुन्छ। जस्तै : पत्रपत्रिका, रेडियो, टेलिभिजन इत्यादि । भाषा सम्प्रेषणको

एकउत्कृष्ट माध्यम भएकाले गर्दा यसमा सञ्चारको व्यवस्था हुन्छ । भाषाको प्रयोगले मानिसले दोहोरो प्रतिक्रिया गरी एक आपसमा विचारहरू साटासाटबाट जीनव जगत पार गरिरहेका हुन्छ । यसरी मानवीय उच्चारण अवयवद्वारा उच्चारित यादृच्छिक ध्वनि प्रतीकहरूको त्यो व्यवस्थालाई भाषा मानिन्छ (न्यौपाने, २०६९:२) । यसैगरी भाषा समयक्रम र विकासको गतिसँगै ध्वनि, शब्द र व्याकरणमा परिवर्तन आउँछ । भाषा सामाजिक सम्प्रेषणको एकप्रभावकारी माध्यम हो । पारस्परिक चिना परिचय गर्ने, हेलमेल बढाउने, मन बहलाउने, सम्बन्ध सुदृढ पार्ने, शिष्टाचार दर्शाउने आदि निम्ति भाषाको प्रयोग हुन्छ ।भाषालाई औपचारिक तथा अनौपचारिक दुवै रूपमा प्रयोग गरिन्छ । लिखित होस्र वा मौखिक माध्यमका रूपमा भाषाको प्रयोग गर्न सकिन्छ । भाषा कुनै समुदाय, वर्ग, धर्म, संस्कृति, रीतिरिवाज, चालचलन, मूल्य मान्यतालाई समेटी समाजअनुसार नै अगाडि बढेको हुन्छ । यसरी अरुद्वारा भाषाका माध्यमले व्यक्त गरिएका विचार एवम् भावनालाई बुझ्न वा ग्रहण गर्नु, 'आदान' हो भने आफ्ना विचार एवम् भावनालाई अरु समक्ष प्रस्तुत गर्नु 'प्रदान' हो । यही विनिमयको सर्वाधिक सरल र सगुम माध्यम भाषा हो (शर्मा, पौडेल, २०६०:१) । तसर्थ भाषाजति बढी प्रयोग गऱ्यो उति भाषाको प्रयोग क्षेत्र विस्तार हुन्छ र मजबुत बन्नुका साथै सूचनाको भरपर्दो माध्यम समेत बन्छ ।

### २.२.२ सञ्चार

वक्ता र स्रोता बीच उद्देश्यमूलक र क्रमबद्ध ढङ्गबाट सङ्केत, चिन्ह वा हाउभाएको सहायताले सूचना आदानप्रदान गर्ने कार्यलाई सञ्चार भनिन्छ । सञ्चार भन्नाले एक अर्का बीच सूचना, विचार, धारणा, जानकारी साटासाट गर्ने वा साझेदारी कायम गर्ने प्रक्रिया भन्ने बुझिन्छ । सञ्चारको खास उद्देश्य नै सन्देश दिनु र आपसी समझदारी कायम गर्नु हो ।

सञ्चार भन्नाले अङ्ग्रेजी शब्द 'कम्युनिकेसन' को नेपाली रूपान्तर हो । यो ल्याटिन भाषाको 'कम्युनिस' बाट बनेको हो जसको अर्थ समान साझा वा बाँड्नु । यसबाट सञ्चार भन्नाले एक अर्का बीच सूचना, विचार, धारणा जानकारी बाँड्ने, साटासाट वा विनिमय गर्ने प्रक्रिया बुझिन्छ । सञ्चार प्रक्रियामा दुई पक्ष सहाभागी हुन्छन् । एउटा सूचना दिने पक्ष अर्को सूचना पाउने पक्ष । यी दुवै पक्ष जति नै मात्रामा अन्तर्क्रिया हुन्छ त्यति नै सञ्चार

सहज, अर्थपूर्ण र प्रभावकारी हुन्छ (खनाल, २०७०:१) । यसरी सञ्चारका साधन भन्नाले लक्षित वर्गमा सन्देश पुऱ्याउन प्रयोग गरिने माध्यम बुझिन्छ ।

पत्रपत्रिका, कम्प्युटर, चलचित्र, रेडियो, टेलिभिजन, केवल प्रसारण, पोष्टर, पम्पलेट, माइक आदि सञ्चारका साधन हुन् । यी साधनको सहायताले एक अर्काका भाव विचार बुझ्न सकिन्छ । सञ्चार अहिलेको वर्तमान युगमा नयाँ-नयाँ ढङ्गबाट व्यापक बन्दै गएको छ सञ्चारविनाको संसार अन्धकार हुन्थ्यो तर सञ्चार आफैँमा जटिल र व्यापक प्रक्रिया हो । अतः छोटकरीमा सञ्चार भनेको सूचनाको हस्तान्तरण गर्ने प्रक्रिया हो । यसरी सञ्चार प्रक्रियामा विभिन्न माध्यमहरूद्वारा सञ्चारको प्रक्रिया अगाडि बढिरहेको हुन्छ । ती माध्यमहरू स्रोत वा सञ्चारक, सङ्केत, सन्देश माध्यम, प्रति सङ्केत, प्रापक पृष्ठपोषण, अवरोध हुन्  । सञ्चार प्रक्रिया एउटा बृहत् अवधारणा भएकाले यसलाई मुख्यतः दुई किसिमबाट विश्लेषण गर्ने गरिन्छ । यस अनुसार शाब्दिक र गैरशाब्दिक सञ्चार पर्दछन् ( आचार्य, २०६८:७) । यसरी शब्दहरूको प्रयोगबाट गरिने सञ्चार कार्यलाई शाब्दिक कार्य भनिन्छ भने शब्द वा परम्परागत भाषाको प्रयोग नगरिकन गरिने सञ्चार कार्यलाई गैरशाब्दिक सञ्चार भनिन्छ । यसमा शारीरिक चाल, बसाइँको तरिका, अभिनय, हाउभाउ, इशारा, अनुहारको भाव आदिले पनि सन्देश आदान प्रदान गरिरहको हुन्छ्न । सञ्चारले जुन अर्थ दिएर सन्देश पठाएको हुन्छ ठीक त्यही अर्थमा प्रापकले सन्देश ग्रहण गर्न सक्यो भने मात्र सञ्चार प्रक्रियाको उद्देश्य पूरा हुन्छ ।

### २.२.३ आम सञ्चार


कुनै माध्यमबाट व्यापक रूपमा सन्देशको प्रचार प्रसार गर्ने प्रक्रियालाई आम सञ्चार भनिन्छ । यदि  सञ्चारको माध्यमबाट कुनै पनि सूचना जानकारी वा विचार आम जनता माझ पुऱ्याइन्छ भने त्यो आम सञ्चार हुन्छ (खनाल, २०७०:२४) । आम सञ्चारमा विभिन्न सञ्चार संस्थाहरू संलग्न हुन्छन् । आम सञ्चार विशाल जन समुदायले कुनै पनि सूचना वा जानकारीएकैचोटी पाउने गर्दछन् । प्राचीन समयका सञ्चार माध्यमहरूका रूपमा ढोलक, झ्याली, शङ्ख, कर्नाल, घण्टी, बाजा, गन्धर्व, कटुवाल आदिको प्रयोग गरी सूचनाहरू जनसमुदायसम्म पुऱ्याइन्थ्यो । आम सञ्चार माध्यमले भौगोलिक रूपमा छरिएर रहेका विभिन्न संस्कृति, रहनसहन, धार्मिक, सामाजिक र राजनीतिक आस्था भएका मानिस सामु एकैपटक सन्देश पुऱ्याउने र उनीहरूलाई सुसूचित गर्ने काम गर्दछन् । आम

सञ्चारका छापा माध्यम र विद्युतीय माध्यम गरी दुई माध्यमहरू छन । आम सञ्चारका माध्यमलाई निम्नानुसारको आरेखमा देखाउन सकिन्छ :

**२.२.४ आम सञ्चार माध्यमका किसिम :** आम सञ्चार माध्यमलाई निम्नानुसार २ भागमा बाँड्न सकिन्छ :

क) छापा माध्यम

ख) विद्युतीय माध्यम




स्रोत : खनाल, २०६४:३६ ।

**२.२.५ छापा माध्यम**

छापाखानाबाट मुद्रण भई प्रकाशित हुने पत्रपत्रिका, किताब, पोष्टर, पम्पलेट, जर्नल आदिलाई छापा माध्यम भनिन्छ । यो सञ्चार माध्यमको सबै भन्दा पुरानो माध्यम हो । यो साक्षर व्यक्तिका लागि मात्र उपयोगी हुन्छ । छापा माध्यमद्वारा विषयवस्तुको पूर्ण र विस्तृत जानकारी प्राप्त गर्न सकिन्छ । विषयवस्तुबारे पूर्ण जानकारी पाइने वा विस्तृत रूपमा समाचार विचार विश्लेषण पढ्न पाउने, आफूले मन लागेको सामग्री इच्छा अनुकूल पढ्न पाउनु छापा माध्यमका प्रमुख गुणहरू हुन् ।

(क) **म्यागेजिन**

म्यागेजिन किताबको शैली तथा आकारमा छपाइन्छ । यसमा पृष्ठहरू बाँधिएका र आवरणमा चित्र, तस्विर वा विषयका साथै भित्र त्यसकै विषयवस्तु हुने गर्दछ । यसमा पूर्ण लेखन र कम्तीमा पनि एक हजारभन्दा बढी शब्दहरू एउटै लेखमा रहेका हुन्छन् । म्यागेजिनहरू साप्ताहिक, पाक्षिक, मासिक तथा अर्ध वार्षिक आदि हुन्छन् । यसमा समसामयिक आर्थिक, राजनीतिक, शैक्षिक, खेलकुद, मनोरञ्जन जस्ता विविध विषय समेटिएको हुन्छ (आचार्य, २०६४:६) ।

(ख) **पुस्तक**

छापा माध्यमअन्तर्गत पर्ने पुस्तक पनि एक सञ्चार माध्यम हो । विविध विषय क्षेत्रका कुराहरूलाई समेटेर विभिन्न पृष्ठहरूको संयोजन गरी तयार गरिएको पाठ्य सामग्री नै पुस्तक हो । पुस्तक कुनै समय सीमामा नबाँधिएको विविध सामग्रीहरूको सिलसिलाबद्ध रचना भएकाले साक्षर व्यक्तिका लागि उपयोगी हुन्छ । यसलाई लामो समयसम्म सङ्ग्रह गरेर राख्न सकिने र एक ठाउँबाट अर्को ठाउँसम्म पुऱ्याउन सकिन्छ । पुस्तकमा भएका अध्ययन सामग्रीहरूलाई आफ्नो इच्छाअनुसार अध्ययन गर्न सकिन्छ ।

**२.२.६ समाचार पत्र**

'समाचार' शब्दलाई अङ्ग्रेजी भाषाको 'न्यूज' शब्दको अर्थका रूपमा लिइन्छ। न्यूज शब्द संस्कृत भाषाको 'नव' शब्दबाट बनेको भन्ने पूर्वेली भाषाविद्हरूको भनाइ छ भने पश्चिम विद्वानहरूले ल्याटिन भाषाको 'नोभा' बाट न्यूज बनेको हो भन्दछन् । सामान्यतयाः समाचार पत्र भन्नाले नबाँधिएको वा स्टिच नगरिएको, निश्चित समय वा मितिमा प्रकाशन हुने मुद्रित सामग्रीलाई बुझिन्छ । यसा मूलतः सूचनामूलक सामग्रीको प्रधानता रहन्छ । यसरी सङ्क्षेपमा समाचार भनेको पत्रपत्रिकामा प्रकाशन हुने तथा रेडियो वा टेलिभिजनबाट प्रसारित हुने वा इन्टरनेट मार्फत् सार्वजनिक गरिएका जनचासो सहितका समसामयिक धारणा, क्रियाकलाप वा विचार सम्बन्धी विवरण हो भनिन्छ । जसबाट कुनै प्रकारको शिक्षा, सूचना, मनोरञ्जन वा अभिप्रेरणा प्राप्त हुन्छ । विषयवस्तुबारे पूर्ण जानकारी पाइने तथा आफूलाई म नलागेको सामग्री इच्छा अनुकूल पढ्न पाइने र ताजा समाचारहरू पढ्न पाइने हुनाले आम सञ्चारका माध्यमहरूमध्ये समाचार पत्रलाई बढी लोकप्रिय मान्न सकिन्छ ।

स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा घटेका र घट्न सक्ने घटनाहरूको बारेमा विस्तृत जानकारी पाउन समाचार पत्र सहायक बन्न सक्छ ।

समाजमा भएका अन्याय, अत्याचार र भ्रष्टचारलाईप्रकाशमा ल्याउने तथा अन्यायमा परेका वा अल्पसङ्ख्यक जन समुदायको आवाज मुखरित गर्ने काम समाचार पत्रले गर्दछ । समाचार पत्रले समाज सुधार गर्न सघाउँछ । सुमार्गको ज्ञान सिकाउँछ भने समाजका दुर्गुण हटाउँदै समाजलाई गतिशीलतातिर उन्मुख गराउँछ ।

यसरी नेपाली पत्र पत्रिको इतिहासमा गोरखा पत्रलाई सबैभन्दा जेठो समाचारको रूपमा मानिन्छ । यो वि.सं.१९५८ वैशाख २४ गतेदेखि प्रकाशनमा आएको पाइन्छ। आम सञ्चारको विकास छापाखाना र कागजको आविष्कार सँगै भए तापनि नेपालमा आधुनिक आम सञ्चारको विकास भने राणाकालमा जङ्गबहादुरले सन् १९५१ मा प्रेस ल्याए पश्चात भएको थियो (रेग्मी, २०५८:३२) । यसरी सुरुका दिनहरूमा नेपालमा अखबारको पर्यायवाची शब्दको रूपमा चलेको गोरखा पत्र २००७ साल अगाडि सरकारीको रूपमा थियो । समाचारपत्र नभएको राज्यलाई पूर्ण राज्य भन्न नमिल्ने विद्वान्हरूको भनाइ छ । समाचार पत्रको उद्देश्यको बारेमा महात्मा गान्धीको विचारमा समाचार पत्रको एक उद्देश्य जनताको इच्छा र विचारलाई सम्झिनु तथा त्यसलाई व्यक्त गर्नु हो । दोस्रो उद्देश्य जनतामा भावनाको जागृति गराउनु हो । तेस्रो उद्देश्य सार्वजनिक दोषको निर्मतापूर्वक प्रकट गर्नु हो ( देवकोटा,२०५९:१६)। समाचार पत्रले समाजलाई नजिकबाट नियालिरहेको हुन्छ । समाजलाई अवलोकन समाजमा भएका गतिविधि, समसामयिक विषयवस्तु घटना, विभिन्न व्यक्तिका विचारहरू दृष्टिकोणहरू, लेख रचना, विज्ञापन, कार्टुन, सूचना तथा जानकारीहरू मार्फत् समाजलाई सुधारको गतितिर उन्मुख गराउने काम समाचार पत्रले गर्दछ ।

### २.२.७ विद्युतीय माध्यम

विद्युतिय तरंगबाट सूचना तथा जानकारीहरु प्रसारण गरिने प्रणालीलाई विद्युतीय माध्यम भनिन्छ । यो माध्यम साक्षर निरक्षर दुवैका लागी उपयोगी हुन्छ । विद्युतीय माध्मबाट छिटोछारितो तथा एकै पटक व्यापक क्षेत्रलाई समेटेर सूचना तथा सन्देह प्रवाह गर्न सकिन्छ टेलिभिजन, रेडियो , चलचित्रलाई विद्यूतीय माध्यम भनिन्छ ।

(क) टेलिभिजन

सञ्चार माध्यम मार्फत समाचार सूचना मनोरञ्नात्मक सामग्री तथा जानकारीहरु प्रत्यक्ष रुपमा दिइने माध्यम नै टेलिभिजन हो । नेपालको टेलिभिजनको इतिहासलाई हेर्नुपर्दा छैटौ पञ्चवर्षीय योजना )२०३७-२०४२) मा नेपालमा टेलिभिजनको प्रसारणको सम्भाव्य अध्ययन गरिने कुरा अभिव्यक्त भएअनुरुप सञ्चार मन्त्रालय अन्तर्गत २०४१ माघ १७ मा नेपाल टेलिभिजन परियोजना स्थापना भयो । २०४१ माघ १७ मा स्थापित नेपाल टेलिभिजन परियोजनाले २०४२ साउन २९ मा परिक्षण प्रसारणको शूरु गर्‍यो । नेपालमा अहिले १ दर्जन भन्दा बढि टेलिभिजन च्यानलहरुले प्रसारण गरिरहेको पाइन्छ । ती मध्ये नेपाल टेलिभिजन एन. टि.भी. प्लस सरकारी च्यानल हुन् भने नेपाल, कान्तिपुर , इमेज, एभिन्यूज, सगरमाथा, ए.वी.सी. माउन्टेन र हिमालयन आदि रहेका छन् । (गौतम २०६५:०५)

(ख) रेडियो

विश्वमा रेडियोका नियमित प्रसारण प्रारम्भ भएको झन्डै ३० वर्ष पछि मात्रै नेपालमा रेडियो प्रसारणको अभ्यास भएको पाइन्छ । राणा कालमा सर्वसाधारण जनताले रेडियो सुन्न पाउँदैन । पद्म शमशेरले २००४ मा सर्वसाधरणलाई रेडियो राख्ने अनुमति दिएका थिए । त्यस बेला हुने खानेको घरमा अल इन्डिया बी. बी. सी. लगायतका च्यानलहरु बज्न थाले प्रसारणको हिसाबले नेपालको पहिलो रेडियो स्टेसन प्रजातन्त्र रेडियोलाई मानिन्छ जुन २००७ सालको क्रान्तिको बेला क्रान्तिकारीहरुले विराटनगरको जुटमिलबाट प्रसारण गरेका थिए । प्रजातन्त्रको स्थापनापछि उक्त रेडियो स्टेसनलाई काठमाण्डौमा सारियो र रेडियो नेपालको नाम दिइयो । ( कोइराला २०६३ : ३५ ) । हाल नेपालमा रेडियो कान्तिपुर, नेपाल एफ. यम. ईमेज एफ. यम. जस्ता विभिन्न रेडियो च्यानलहरु नेपालमा प्रसारित छन ।

ग) अनलाइन

रेडियो, टेलिभिजन, चलचित्र जस्तै अनलाइन पनि संचार माध्यम हो । अनलाइन मार्फत विश्व भरका समाचार तथा खबरहरु केही सेकेन्डमै थाहा पाउन सकिन्छ । यो संचारको छिटो, सजिलो र भर पर्दो माध्यम हो तर यो विद्युतीय माध्यम भएकाले यसको पहुँच सबैसँग सजिलै नपुग्न पनि सक्छ । यो पत्रकारिताको क्षेत्रमा सबैभन्दा कान्छो विद्याको रुपमा लिइन्छ । बिस्तारै अनलाइनको पहुँच सबै तिर पुग्न थालेकाले यसको लोकप्रियता

पनि बढ्दै गएको छ ।  छोटो समयमा नै यसले परम्पराको संचार माध्यमहरुलाई नै चुनौति दिन सक्ने भइसकेको छ ।

घ) चलचित्र

नेपाली सिनेमाको इतिहास निर्देशक डी. बी. परियारद्वारा निर्देशित भारतमा निर्माण भारतमै प्रर्दशन भएको चलचित्र सत्य हरिचन्द्रबाट सुरु भएको हो  । नेपालमा निर्मित चलचित्रको पहिलो पटक प्रदर्शन वि.सं.२०२२ सालमा सरकारी लगानीमा बनेको हिरासिंहखत्रीद्वारानिर्देशित आमा चलचित्रबाट भयो र यसले नेपालमा बनेको पहिलो चलचित्रको उपाधि पायो  । चलचित्र सिनेमा  वा फिल्म एक प्रकारको संचार माध्यम हो  ।

## २.३ सम्पादकीय

प्रस्तुत शोध कार्यमा सम्पादकीय सम्बन्धी निम्नानुसार विश्लेषण गर्न सकिन्छ :

### २.३.१ सम्पादकीयको परिचय

सम्पादकीय अङ्ग्रेजी भाषाको 'इडिटोरियलशब्दको' समानार्थी नेपाली शब्द हो । समाचार सङ्कलन र लेखन कार्य गर्ने व्यक्ति पत्रकार हो । समाचार लेख्ने व्यक्ति समाचारको सैद्धान्तिक ज्ञान हुनु अपरिहार्य छ । कुनै पनि सञ्चार माध्यमले कुनै विशेष वा घटना प्रति व्यक्त गर्ने उसको आफ्नो धारणा सम्पादकीय हो जो पनि मानिस पत्रकार बन्न सक्दैन । सम्पादकीय लेखन पनि महत्वपूर्ण कार्य हो त्यसकारण सम्पादकीयलाई अखबारको आवाज पनि भन्ने गरिन्छ । सम्पादकीय भनेको समाचार पत्रले कुनै पनि विषयवस्तु वा मुद्दामा मत वा विचार प्रकट गर्दै विश्लेषात्मक लेख हो (खनाल, २०५८:०१) । सम्पादकीय समाचार पत्रको स्थायी स्तम्भ हो यसलाई लिडर पनि भनिन्छ । सम्पादकीय समाचार पत्र नियमित रूपमा निशिचत रूपमा निश्चित स्थानमा प्रकाशित हुने गर्दछ । नेपालमा गोरखापत्र प्रकाशनमा झन्डै ४० वर्ष सम्म पनि सम्पादकीय लेखिएन । वि.सं.१९९० देखि एडिटरको राय भन्ने स्तम्भ सुरु गरेर सम्पादकद्वारा कुनै पनि विषयमा टिप्पणी लेख्ने कार्य सुरु भयो (खनाल, २०६८:२४०) । सम्पादकीय समाचार होइन र विज्ञापन पनि होइन । यो घटना विषयवस्तुप्रति प्रतिक्रिया व्यक्त गर्ने स्तम्भ हो । सम्पादकीय आवश्यक अनावश्यक कुरा भन्दा अधिकांश दैनिक तथा साप्ताहिक पत्रपत्रिकाले राख्ने गरेका हुन्छन् भने

म्यागाजिनहरूमा यसको प्रयोग यति धेरै गरेको पाइँदैन । दैनिक पत्रिकामा हप्तामा एकाध दिन भने सम्पादकीय नराख्ने प्रचलन पनि छ सम्पादकीयका समाध्यमबाट सञ्चार माध्यमले जनमत सिर्जना गर्ने काम गर्दछन् । तसर्थ यो कुनै सञ्चार माध्यमको निजी दृष्टिकोण मात्र होइन त्यसले सार्वभौम विचार प्रस्तुत गरी सिर्जना गर्ने क्षमता राख्नुपर्छ । सम्पादकीय सम्पादकले नै लेख्छ भन्ने छैन । सम्पादकीय विभागमा कार्यरत वरिष्ठ पत्रकारदेखि सह-सम्पादक उप-सम्पादक जसले पनि लेख्न सक्छ तर जसले लेखे पनि सम्पादकीयमा अभिव्यक्त विचारको अन्तिम र पूर्ण जिम्मेवारी सम्पादकमै रहेको हुन्छ । विजय चालिसेका अनुसार "एउटै असल सम्पादकीयले जानकारीमूलुक जानकारी र जनहित विरूद्ध चेतावनी दिएर सामाजिक नेतृत्व दिन सक्छ । सम्पादकीयको संरचना आदि, मध्य र अन्तय गरी संरचित हुन्छ । आदि भनेको परिचय खण्ड हो । यसमा सम्पादकीयमा आउने विषयको बारेमा परिचय दिइन्छ । मध्य खण्डमा निश्चित विचार दिने वा परिचयमा आएको विषयको उचित समाधान दिने गरिन्छ । यसका लागि उसले सम्पादक के हो ? किन लेखिन्छ ? कसरी लेखिन्छ र त्यसको प्रभाव के पर्छ सम्पूर्ण जानकारी लिनु आवश्यक छ । यसरी सम्पादकीय समाचार लेख्दा विविध पक्षहरूको ज्ञान हुनु अपरिहार्य छ । सम्पादकीय लेख्ने व्यक्तिले विषयवस्तुका बारेमा राम्ररी बुझेका हुनुपर्छ । सम्पादकीय विभागका कार्यकारी सम्पादक, सह-सम्पादक, वरिष्ठ उप-सम्पादक सम्मलाई सम्पादक लेख्न दिइन्छ (खनाल, २०७०:२४१) । यसरी सम्पादकीय लेखकले पाठकलाई भ्रममा पार्ने वा निजी स्वार्थमा प्रेरित गर्ने गर्नु हुँदैन । कुनै व्यक्ति वा व्यक्ति समूहलाई लाभ हुने हिसाबले सम्पादकीय लेख्नु हुँदैन । अखबारले पाएको सम्पादकीय स्वतन्त्रतालाई सही ढङ्गले प्रयोग गर्नुपर्दछ । सम्पादकीयको आकार अखबारको आकार र साइजमा भरपर्छ । सामान्यतयाः सम्पादकीय प्रायः ३-४ अनुच्छेदमा २५० शब्द जतिको हुन्छ ।

### २.३.२ सम्पादकीयको अर्थ

'सम्पादकीय' अङ्ग्रेजी शब्द 'इडिटोरिइल' को समानार्थी शब्द हो । सम्+पाद्+अक मिलेर सम्पादक शब्द भनेको छ । यही सम्पादक शब्दमा 'इय्' प्रत्यय मिलेर सम्पादकीय शब्द निर्माण भएको छ । यो शब्द संस्कृत स्रोतबाट नेपाली भाषामा भित्रिएको पाइन्छ। त्यसैले सम्पादकीय तत्सम शब्द हो । नेपाली बृहत् शब्दकोश (२०४०) ले सम्पादकीय शब्दको अर्थ नाम र विशेषणका आधारमा फरक-फरक देखाइएको छ । नामको अर्थ वा

सम्पादकको तर्फबाट समसामयिक विषयमा आफ्नो दृष्टिकोण समेत राखेर लेखिएको विशेष लेखकलाई सम्पादकीय भनिएको छ । सम्पादकीय शब्दको अर्थ नाम र विशेषणमा फरक फरक हुने गर्दछ । नामका अर्थमा सम्पादकीय शब्दले सम्पादकको तर्फबाट समसामयिक विषयमा आफ्नो दृष्टिकोण समेत राखेर लेखिएको विशेष लेखलाई बुझाउँछ भने विशेषणका अर्थमा सम्पादकको अथवा सम्पादक सम्बन्धी भन्ने बुझाउँछ (प्रयोगात्मक नेपाली शब्दकोश, २०६१) ।

### २.३.३ सम्पादकीयको भाषा

सम्पादकीय सरल भाषामा लेखिन्छ तर समाचारको भाषामा होइन । यसको भाष उपेक्षाकृत साहित्यिक हुन्छ । जति सम्पादकीय सरल र स्पष्ट हुन्छ त्यति नै पाठकहरू सम्पादकीयप्रति आकर्षित हुन्छन् । सङ्क्षेपमा शैलीमा विचारात्मक र तार्किक ढङ्गले आकर्षक रूपमा सम्पादकीय लेख प्रस्तुत गर्ने कोसिस गर्नुपर्दछ । व्यक्तिपरक शैली 'म' छाडेर समूहपरक शैली 'हामी' को प्रयोग यसमा गरिन्छ । सम्पादकीय उपदेश जस्तो आदेशात्मक शैलीमा लेखिनु हुँदैन र अनावश्यक शब्द, वाक्य र अनुच्छेदहरू राख्नु उचित मानिँदैन । बोलाचाल एवम् सामान्य व्यवहार र समाचार पत्रका अन्य सामग्रकिो भाषाको तुलनामा मानक मानिने भएकाले यसको भाषा सरल, सहज, शुद्ध र स्पष्ट हुनु आवश्कय छ । सम्पादकीयमा घुमाउरो र कालात्मक भाषा भन्दा सोझो र प्राकृतिक भाषाको प्रयोग गर्नु उपयुक्त मानिन्छ । सम्पादकीयमा प्रयोग हुने शब्द शब्द वाक्य वाक्य, अनुच्छेद अनुच्छेद बीच श्रृङ्खला मिल्नु आवश्यक हुन्छ । यसरी सम्पादकीयको भाषालाई क्रमबद्ध मिलाएर विश्लेषणात्मक प्रोत्साहनमूलक घटना परिवेशलाई आधार बनाएर सम्पादकीय लेखक उचित मानिन्छ ।

### २.३.४ सम्पादकीयको संरचना

सम्पादकीयको संरचना हरेक पत्रिकाको आ-आफ्नै आकार प्रकारमा भरपर्छ । तर यसो भन्दैमा पत्रिकाको आकार ठूलो छ भन्दैमा सम्पादकीय धेरै हुन्छ भन्ने हुँदैन । सम्पादकीयको सुरुमा सम्पादकीयको शीर्षक हुन्छ । शीर्षक बाहेक घटना वा सम्पादकीयमा तीन खण्ड हुन्छ । सुरुमा विषयवस्तुबारे छोटो परिचय र पृष्ठभूमि हुन्छ । सुरुवात सरल र स्पष्ट भाषामा हुनुपर्छ । मध्य भागमा तथ्य विवरण, सार्थक तर्क पेस गर्नुपर्छ, व्याख्या

तार्किक विश्लेषण र मूल्याङ्कन सहितको मत प्रकट गर्ने कार्य सम्पादकीयको दोस्रो भागमा गरिन्छ । तेस्रो भागमा वा अन्त्य भागमा सम्पादकीयको उपसंहार, निष्कर्ष र सुझाव प्रस्तुत गर्नुपर्छ (खनाल, २०७०:२४२) । यसरी सम्पादकीय प्रायः सम्पादक वरिष्ठ सम्पादक वा सह-सम्पादक आदिले लेख्ने गरेको पाइन्छ । समग्रमा सम्पादकीय तीनदेखि चार अनुच्छेदमा दुईसय पचास शब्द जति लेखिन्छ ।

### २.३.५ सम्पादकीय शैली

अभिव्यक्तिको क्रममा अभिव्यक्ति दिने व्यक्तिले छनोट गर्ने शब्द वाक्य संरचना नै शैली हो (गौतम, २०६१:२०) । जुन व्यक्ति वा विषय विशेषको आलोचनाको तारो बनाइएको छ त्यस व्यक्ति वा विषयबारे अनौपचारिक हुन वेश मानिन्छ । भनाइको तात्पर्य के भने आलोचनाका लक्ष्य व्यक्ति होइन उसको विचार कार्यशैली हुनुपर्छ । यसरी सामाजिक मूल्य र मान्यताभित्र रहेर जोडदार समर्थन वा आलोचनाको अभिव्यक्ति दिन सक्नुमा नै सम्पादकीय सफल निहित हुन्छ (शर्मा, २०५८:१२१) । यसरी नै सम्पादकीय लेख्ने सम्पादकहरूले विषयवस्तुको आवश्यकता अनुसार व्याख्यात्मक वर्णनात्मक, तर्कपरक, औपचारिक, अनौपचारिक आदि विभिन्न शैलकिो प्रयोग गर्न सक्छन् । सम्पादकीय लेखनका तरिकाहरू यसप्रकार छन् :

- प्रश्न गर्ने शैली
- परामर्श दिने शैली
- आलोचना गर्ने शैली
- कुरा बुझाउने शैली
- प्रशंसा गर्ने शैली
- भिन्नता देखाउने शैली
- भविष्यवाणी गर्ने शैली
- अनुरोध तथा सूचना दिने शैली
- सुझाव दिने शैली

### २.३.६ सम्पादकीयको शीर्षक

कुनै पनि लेख, रचना वा ग्रन्थ आदिको नाम नै शीर्षक हो । शीर्षकले कुनै पनि लेख रचना वा पुस्तक विस्तार के हो भन्ने कुरा बताउँछ । शीर्षकको उद्देश्य पत्रिकालाई आकर्षक बनाउनु, समाचारको महत्व दर्शाउनु र पाठकहरूलाई पत्रिका किन्ने बनाउनु हो (खनाल, २०६४:१८७) । शीर्षक लेख्दा वर्तमानकालीन क्रियापद प्रयोग गर्नु राम्रो मानिन्छ । तर सर्वनामको प्रयोग गर्नु राम्रो मानिँदैन । शीर्षकले सम्पूर्ण विषयवस्तुलाई समेटेको हुनुपर्दछ । शब्द सङ्ख्याका आधारमा सम्पादकीय शीर्षक दुईदेखि तीन शब्दको सरिक र स्पष्ट हुनुपर्छ । शीर्षकले सम्पादकीयको सूक्ष्म विवरण वा सङ्केत दिन्छ । शीर्षकले सम्पादकीय के का बारेमा हो भन्ने कुरा पनि बताइदिन्छ । यसरी सम्पादकीय शीर्षक राख्दा छोटा, स्पष्ट बुझिने भावमय सिर्जनात्मक रूपमा राख्नुपर्छ ।

### २.३.७ सम्पादकीय कार्य

सम्पादकीयले मुख्यतः समाजमा सही सूचना तथा सन्देश प्रवाह गरी हरेक पाठकलाई सुसूचित गर्दछ । यसले सामाजिक विसङ्गति, भ्रष्टाचार अन्धविश्वास तथा समाजमा रहेका गलत धारणा र अनियमितलाई हटाउन सहयोग गर्दछ । सम्पादकीयका मुख्य कार्यहरूलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- भ्रष्टाचार, सामीजक विसङ्गति एवम् अनियमितता हटाउन सहयोग गर्ने
- पाठकलाई शिक्षित र सचेत बनाउने
- पाठकलाई अभिप्रेरित गर्ने
- सल्लाह र सुझाव दिने
- नैतिकवान एवम् कर्तव्य बोध गराउने
- मनोरञ्जन प्रदानगर्ने
- अखबारको परिचय र स्तर मापन गर्ने
- जनमत निर्माण गर्ने
- विविध मतलाई प्रतिनिधित्व गराउने आदि ।

### २.३.८ सम्पादकीयको विषयवस्तु

सम्पादकीय विषय क्षेत्र फराकिलो छ । प्रायः सबै विषयहरूमा सम्पादकीय लेख्न सकिन्छ । तर पनि समसामयिक विषयमा पाठकको महत्वलाई ध्यानमा राखी सम्पादकीयको विषयवस्तु लेख्नुपर्छ । कुनै वर्णन, छलफलमा अध्ययन लेख रचना आदिका लागि निश्चित गरिएको कुरा शीर्षक वा विषय नै विषयवस्तु हो (अधिकारी, २०६१:८५२) । यसरी सम्पादकीयको विषयवस्तु सधैँ एकै प्रकारको नभई लेखनमा विविधता हुनुपर्छ । त्यति भन्दैमा विनाप्रमाण र थाहा नभएको विषयमा सम्पादकीय लेख्नु हुँदैन । तसर्थ सम्पादकीयको विाष्यवस्तु छनोट गर्दा समसामयिक, सान्दर्भिक र उपयोगी छनोट गरी लेख्नुपर्छ । सम्पादकीयमा रहेका विषयवस्तुको पाठकलाई मनोरञ्जन प्रदान गर्न समाजमा सकारात्मक धारणा दिने जनमत निर्माण गर्ने भाविष्यवाणी गर्ने जस्तासम्पादकीय राजनीतिक, स्वास्थ्य, जनचेतना, व्यक्तित्व, दृष्टिकोण, सांस्कृति आदि विषयवस्तुहरूका आधारमा लेख्न सकिन्छ ।

### २.३.९ असल सम्पादकीयका विशेषता

कुनै कुरालाई प्रष्ट, सशक्त, सरल, सहज तथा औपचारिक शैलमिा व्यक्त गर्नु नै सम्पादकीयको सफलता हो । यो त वास्तविक तथा सत्यतथ्य कुरामा आधारित भई विश्लेषणत्मक र तर्कसम्मत किसिमबाट लेखिएको हुन्छ । असल सम्पादकीयका मुख्य विशेषताहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- सरल वा जटिलतातर्फ उन्मुख
- अनावश्यक शब्दको प्रयोग नगरिएको
- सरल लेखन
- छोटो वाक्यको प्रयोग
- परिचित शब्दको प्रयोग
- प्रभाव पार्ने हिसाबले नभई विचार अभिव्यक्त गर्ने हिसाबले लेखिएको
- वास्तविक तथा स्पष्ट लेखन आदि ।

(स्रोत : स्टोनसिफ, १९७९:१०४ )

### २.३.१० व्याकरणिक कोटि

सम्पादकीय लेख्दा प्रयोग गरिएका लिङ्ग, पुरुष, वचन, पक्ष, काल आदिलाई व्याकरणिक कोटि भनिन्छ । वाक्यहरू सरल ढङ्गबाट रचना गर्ने, छोटा वाक्य रचना गर्नु व्याकरणिक रूपमा शुद्ध र संश्लेषित रूपमा वाक्यको कम प्रयोग गर्नु राम्रो मानिन्छ । यसरी सम्पादकीय विविध पक्षलाई ख्याल गरेर उचित अर्थ लाग्ने वाक्यहरू रचना गर्नुपर्छ ।

### २.३.११ सम्पादकीयमा राख्न नमिल्ने कुराहरू

सम्पादकीयको भाषा समाचारको जस्तो हुँदैन । त्यसैले समाचारमा राखिने कुराहरू सम्पादकीयमा राख्न नमिल्न सक्छ । सम्पादकीयमाएकवचन सर्वनाम ‘म’ को प्रयोग गर्नु राम्ो हुँदैन । उपशीर्ष कराख्नु आवश्कय हुँदैन । झुटो, अन्दाजी र अनावश्यक व्याख्या गर्नु उपयुक्त नहुने भएकाले असल सम्पादकीयले व्यक्तिको चरित्र तथा प्रतिष्ठामा आँच आउने प्रसङ्गलाई जोड्नु हुँदैन ।

## परिच्छेद : तीन

## अध्ययन विधि र प्रक्रिया

### ३.१ अध्ययनविधि

प्रस्तुत अध्ययन प्रक्रिया अन्तर्गत रहेर गरिएको छ । अनुसन्धानमा विकल्प राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीय प्राथमिक स्रोतका सामग्रीको रूपमा रहेका छन् भने द्वितीयक स्रोतका सामग्रीको रूपमा विभिन्न भाषा सम्बन्धी लेख, रचना, शब्दकोश, पाठ्यपुस्तक, शोध निर्देशकको सल्लाह र निर्देशनलाई लिइएको छ ।

**३.२ अध्ययन प्रक्रियाः** यस शिर्षकका लागि निम्न अनुसारका प्रक्रिया अपनाइएको छ :

### ३.२.१जनसङ्ख्या

प्रस्तुत शोधमा जनसङ्ख्याको रूपमा वि.सं.२०७४ साल भदौ २० गतेदेखि २०७४ भदौ ३० गतेसम्मका विकल्प राष्ट्रिय दैनिक पत्रिको सम्पादकीयहरू रहेका छन् ।

### ३.२.३ नमुना छनोट

कञ्चनपुर जिल्लाबाट प्रकाशित हुने 'विकल्प राष्ट्रिय दैनिक' पत्रिकाका वि.सं.२०७४ साल भदौ २० गतेदेखि वि.सं.२०७४ साल भदौ ३० गतेसम्मका २० दिनको प्रत्येक आइतबारको जम्मा १० ओटा अङ्कमा प्रकाशित सम्पादकीयलाई नमुनाको छनोट गरिएको छ ।

### ३.२.४ नमुना छनोट प्रविधि

प्रस्तुत अध्ययनका क्रममा सिङ्गो जनसङ्ख्याबाट सम्भावनाहरू नमुना छनोटका आधारमा यादृच्छिक नमुना छनोट पद्धति अवलम्बन गरिएको छ । नमुना छनोट गर्ने क्रममा 'विकल्प राष्ट्रिय दैनिक' पत्रिको २०७४ साल भदौ २० गतेदेखि २०७४ भदौ ३० गतेसम्मका प्रत्येक दिनको प्रकाशित सम्पादकीयलाई छनोट गरिएको छ ।

### ३.३ सामग्री सङ्कलनका स्रोत

प्रस्तुत शोधका लागि सामग्री सङ्कलनमा स्रोत दुई प्रकारका छन् :

**(क) प्राथमिक स्रोत**

प्रस्तुत शोधमा स्रोतका रूपमा विकल्प राष्ट्रिय दैनिक पत्रिकाका सम्पादकीयलाई प्राथमिक स्रोतका रूपमा प्रयोग गरिएको छ । यसमा सम्भावनात्मक नमुना छनोट पद्धतिबाट छानिएका अध्ययनीय पत्रिकाका जम्मा दसओटा सम्पादकीयलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ ।

यस अध्ययनका लागि 'विकल्प राष्ट्रिय दैनिक' पत्रिकामा प्रकाशित वि.सं.२०७४ साल भदौ २० देखि ३० गतेसम्मका प्रत्येक आइतबार दसओटा अङ्कमा छापिएका सम्पादकीयहरू रहेका छन् ।

**(ख) द्वितीयक स्रोत**

सम्बन्धित विषयका प्रकाशित पुस्तकहरू, अनुसन्धान सारहरू, शोध प्रतिवेदन आदिलाई यस अनुसन्धानमा तथ्याङ्क सङ्कलनको द्वितीय स्रोतका रूपमा उपयोग गरिएको छ ।

### ३.४ सामग्रीको कार्यान्वयन

प्रस्तुत शोध पत्रमा विवेच्य पत्रिकाका दसओटा सम्पादकीयलाई नमुना जनसङ्ख्याको रूपमा छनोट गरिएको छ । यसमा सम्पादकीयको बाह्य पक्षअन्तर्गत शीर्षक, विषयवस्तु संरचना र शैलीका आधारमा अध्ययन गरी तिनीहरूलाई छुट्टाछुट्टै तालिकामा देखाइएको छ । त्यसैगरी सम्पादकीयको आन्तरिक वा भाषिक पक्षअन्तर्गत वाक्य, काल, पक्ष, ध्रुवीयता, वाच्य, सङ्गति, उखानटुक्का, शब्द भण्डारको अध्ययन गरिएको छ । यसमा प्रत्येक अङ्कबाट एकएकओटा वाक्य उदाहरणका रूपमा लिइएको छ ।

## ३.५ सामग्रीको व्याख्या तथा विश्लेषण

यस अध्ययनमा 'विकल्प दैनिक' पत्रिकाको सम्पादकीयलाई बाह्य र आन्तरिक पक्षको आधारमा व्याख्या र विश्लेषण गरिएको छ । यस अध्ययन पत्रलाई निश्चित उद्देश्य प्राप्ति र निष्कर्षा ल्याउन पुस्तकालय अध्ययन कार्यको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । बाह्य पक्षअन्तर्गत शीर्षक संरचना, विषयवस्तु र शैलीलाई अध्ययन गरिएको छ । यसबाट प्राप्त निष्कर्षलाई प्रतिशतमा समेत निकाली व्याख्या विश्लेषण गरिएको छ भने आन्तरिक पषअन्तर्गत सम्पादकीयमा प्रयुक्त भाषाको वाक्य काल, पक्ष, वाच्य ध्रुवीयता, पदसङ्गति, उखान टुक्का र शब्द भण्डारका आधारमा व्याख्या विश्लेषण गरी प्राप्त निष्कर्षलाई प्रतिशत सहित तालिकामा प्रस्तुत गर्दै व्याख्या र विश्लेषणसहित प्रस्तुत गरिएको छ ।

## परिच्छेद : चार

## व्याख्या तथा विश्लेषण

सङ्कलित सामग्रीको जटिलतम् समुच्यलाई सरलतम् एकाईहरूमा विभाजन गरी त्यसबाट खोजेको प्रश्न वा समस्याको उत्तर प्राप्तिको प्रयास अथवा नयाँ तथ्यको खोजी नै विश्लेषण हो । सामग्रीको व्यवस्थापन गर्ने क्रममा सत्यापित सामग्रीको व्याख्या विश्लेषण गर्नुपर्दछ । यस प्रक्रियामा सामग्रीलाई समस्याको उपयुक्त परिणाम निकाल्ने गरी व्यवस्थित गर्नुपर्दछ । विश्लेषणको मुख्य उद्देश्य सङ्कलित सामग्रीलाई समस्याको उपयुक्त परिणाम निकाल्ने गरी नयाँ तथ्य प्राप्त गर्नु हो ।

प्रस्तुत शोधपत्र 'विकल्प राष्ट्रिय' पत्रिकाका २०७४/०५/२० गतेदेखि २०७५/०५/३० गतेसम्म १० वटा अङ्कलाई नमुना छनोट गरी सम्पादकीयको अध्ययन गरिएको छ । यस अन्तर्गत वाक्यकोटी र वाक्यका प्रकार जस्ता आधारमा 'विकल्प राष्ट्रिय दैनिक' पत्रिकाको सम्पादकीयको अध्ययन गरिएको छ ।

### ४.१ 'विकल्प राष्ट्रिय' दैनिक पत्रिको सम्पादकीय अध्ययन

विकल्पराष्ट्रिय दैनिक वि.सं.२०६४ जेष्ठ २२ गते उत्सर्ग प्रकाशन प्रा.लि.ले विकल्प राष्ट्रिय दैनिक पत्रिकाको प्रकाशन सुरु गरेको हो र अहिले प्रकाशनको १० औं वर्षमा चलिरहेको छ । यस पत्रिकाका संस्थापक सम्पादक तथा माधव सिंह धामी र कार्यकारी सम्पादक रनि विवश हुन् । विकल्प राष्ट्रिय दैनिकले निर्भिक एवम् जिम्मेदार पत्रकारिताको उदाहरण प्रस्तुत गर्दै मुलुकको समसामयिक राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक लगायत विभिन नक्षेत्रका समाचार रिपोर्टिङ गरेको छ । स्थापना कालदेखि नै समाजमा लुकेका पाटोको उजागर गर्दै नयाँ कुराको खोजी गर्दै समाचारलाई विशेष प्राथमिकता दिँदै आएको छ । त्यसैगरी विभिन्न विषय क्षेत्रमा विचार र अभिव्यक्ति प्रकाशित गरी समसामयिक विषयमा आम जनमानसलाई सुसूचित गर्दै आलोचनात्मक बहसमा लैजाने गरेको छ । त्यसैकारण विकल्प समकालीन नेपाली पत्रकारिताको अग्रपतिमा उभिन सकेको छ । स्थापना कालदेखि नै ४ पृष्ठमा प्रकाशित हुँदै आएको वैकल्प राष्ट्रिय दैनिकमा समाचार, विचार, मनोरञ्जन, खेलकुद र आर्थिक क्षेत्रलाई विशेष प्राथमिकतामा राखेको छ । विकल्प राष्ट्रिय दैनिक पत्रिका महेन्द्रनगरबाट एकै साथ प्रकाशन हुने गरेको छ ।

प्रस्तुत शोधपत्र 'विकल्प राष्ट्रिय दैनिक' पत्रिको संरचनात्मक पक्षसँग मात्र सम्बन्धित छ । वि.सं.२०७४ भदौ २० देखि ३० गतेसम्मका १० वटा अङ्कलाई नमुना छनोट गरी अध्ययन गरिएको छ । संरचनात्मक पक्षअन्तर्गत शीर्षक, संरचना विषयवस्तु र शैली जस्ता भाषिक पक्षको अध्ययन गरिएको छ ।

बाह्य पक्षका आधारमा सम्पादकीयको व्याख्या विश्लेषण बाह्य अध्ययनलाई प्राविधिक अध्ययन पनि भनिन्छ । यसअन्तर्गत सम्पादकीयलाई बाहिरी रूपमा नियाल्दा देखिने दृष्टि तत्व भन्ने बुझिन्छ । जसमा सम्पादकीयको शीर्षक, विषयवस्तु, संरचना शैली आदि कुराहरूलाईलिन सकिन्छ जसमध्ये यहाँ निम्नानुसार शीर्षकहरूलाई विश्लेषणको आधार बनाइएको छ ।

### ४.१.१ शीर्षक

कुनै पनि लेख रचना वा ग्रन्थ आदिको नाम नै शीर्षक हो । शीर्षकले कुनै पनि लेख, रचना वा पुस्तक विषय वा विचार के हो भन्ने कुरा बताउँछ । शीर्षकको उद्देश्य अखबारलाई आकर्षक बनाउनु, समाचारको महत्व दर्शाउनु र पाठकलाई पत्रिका किन्ने बनाउनु हो (खनाल, २०६४:१८७) । यसरी शीर्षक सरल, स्पष्ट र आकर्षक हुनुपर्छ । सम्पादकीयको शीर्षक छोटा, मीठो र जनसाधारणले सहजै बुझ्ने भाषामा हुनुपर्छ । शीर्षक लेख्दा वर्तमान कालका क्रियापद र कर्तृवाच्यको प्रयोग राम्रो मानिन्छ । शीर्षकमा व्यक्तिवाचक नाम र सङ्क्षिप्त नाम सकेसम्म प्रयोग गर्नुहुदैन । त्यस्तै क्रियापद र नामयोगीबाट शीर्षक सुरु गर्नु हुँदैन । शीर्षकमा सर्वनामको प्रयोग गर्नु राम्रो मानिदैन ।

प्रस्तुत अध्ययनमा विकल्प दैनिक पत्रिको सम्पादकीयमा प्रयुक्त शीर्षकलाई शब्द सङ्ख्याको आधारमा अध्ययन गरिएको छ । जसलाई निम्नअनुसार तालिकामा प्रस्तुत गर्न सकिन्छ :

**तालिका नं.१**

| क्र. सं. | शब्दसङ्ख्या | सम्पादकीयको शीर्षक | प्रतिशत |
|---|---|---|---|
| १ | २ | ) आर्थिक विद्धि<br>) जनप्रतिनिधिलाई सुविधा | २०% |
| २ | ३ | ) भ्रष्टाचारतर्फ उन्मुख राजनीति<br>) आयोगका स्वागत योग्य कदम<br>) औचित्यहिन मन्त्रीपरिषद् विस्तार<br>) विकास निर्माणको गति<br>) निषेधको राजनीति नगर<br>) गौरा पर्वको शुभकामना | ६०% |
| ३ | ४ | ) आर्थिक विकास गर्न सुशासन<br>) शान्ति सम्झौतको बाह्र वर्ष | २०% |
| | जम्मा | १० | १००% |

प्रस्तुत तालिकाअनुसार विकल्प दैनिक पत्रिकाको सम्पादकीयमा २ देखि ४ शब्द सम्म शिर्षकहरु प्रयोग भएका छन । यसमा दुई शब्द प्रयोग भएका सम्पादकीय शीर्षक २ वटा (२० प्रतिशत ) ३ शब्दका ६ वटा (६० प्रतिशत ) र ४ शब्दका २ वटा (२० प्रतिश) रहेका छन् ।

### ४.१.२ विषयवस्तु

सामान्यतयाः हामीले देखका र सुनेका सम्पूर्ण वस्तु, चिजबिजलाई नै विषयवस्तुका रूपमा लिन सकिन्छ । प्रयोगात्मक नेपाली शब्दकोश (२०६३:९५२) का अनुसार “कुनै वर्णन, छलफल, अध्ययन, लेख, रचना आदिका लागि निश्चित गरिएको कुनै कुरा नै विषयवस्तु हो ।” वा बोल्ने, पढ्ने लेख्ने सन्दर्भमा तय गरिएको शीर्षक वा विषय नै विषयवस्तुलाई लिएर सम्पादकीय लेख्न सकिन्छ । पाठकका इच्छा र आवश्यकतालाई ध्यानमा राखेर सम्पादकीय विषयवस्तु छनोट गर्नुपर्छ । सम्पादकीय लेख्दा सर्वप्रथम त विषयवस्तु निर्धारण हुनुपर्छ ।

विषय सबै एक नास भयो भने पाठकीय रूचि घट्छ त्यसैले विषयमा विविधता, राष्ट्रि अन्तर्राष्ट्रिय घटनामा सन्तुलित प्रस्तुति र सकारात्मक तथा ठोस कुरा भन्न सकिने हुनु आवश्यक छ । सम्पादकीयको विषयवस्तु समसामयिक, सान्दर्भिक र उपयोगी हुनुपर्दछ । विनाप्रमाण र थाहा नभएको विषयमा सम्पादकीय लेख्नु हुँदैन ।

प्रस्तुत शोधपत्रमा 'विकल्प राष्ट्रिय दैनिक' पत्रिकाको सम्पादकीयको विषयवस्तुको अध्ययन गरिएको छ। जसलाई निम्नअनुसार तालिकामा देखाउन सकिन्छ।

**तालिका नं.२**

| क्र. सं. | विषयवस्तु को क्षेत्र | सम्पादकीय शीर्षक | सम्पादकीय सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| | सांस्कृतिक | ) गौरा पर्वको शुभकामना | १ | १०% |
| | राजनीतिक | ) भ्रष्टाचारतर्फ उन्मुख राजनीति<br>) जन प्रतिनिधिलाई सुविधा<br>) औचित्यहिन मन्त्रीपरिषद्को विस्तार<br>) आर्थिक विकास गर्न शुसासन<br>) निषेधको राजनीति नगर<br>) विकास निर्माण गति<br>) आयोगको स्वागतयोग्य कदम | १<br>१<br>१<br>१<br>१<br>१<br>१ | ७०% |
| | सर्तक गराउने | ) आर्थिक वृद्धि | १ | १०% |
| | विश्लेषण गर्ने | ) शान्ति सम्झौताका बाह्र वर्ष | १ | १०% |
| | जम्मा | १० | | १००% |

उल्लिखित तालिकाअनुसार 'विकल्प राष्ट्रिय दैनिक' पत्रिकाको सम्पादकीयमा राजनीतिक, साँस्कृतिक, सर्तक गराउने, विश्लेषण गर्ने, क्षेत्रका विषयवस्तुलाई समेटेको देखिन्छ । जसमध्ये राजनीतिक विषयवस्तुलाई सबैभन्दा बढी ७ पटक र साँस्कृतिक गराउने एक पटक विश्लेषण गर्ने १ पटक गरी प्रकाशित भएका छन ।

### ४.१.३ शैली

शैली भनेको 'ढङ्ग' हो । अभिव्यक्तिको तरिकालाई शैली भनिन्छ । कुनै विषयवस्तुलाई प्रस्तुत गर्ने तरिका वा ढङ्ग ढाँचा नै शैली हो । भाषिक एकाइको सौन्दर्य बोधक समुच्च र भाषा एवम् विषयमा दृष्टिबाट विचलनयुक्त रचनाकारको विशिष्ट रचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ (शर्मा र लुइटेल, २०६१:२३८) ।

सम्पादकीय लेखन स्वतन्त्र विधा हो । सम्पादकीयलाई उत्कृष्ट बनाउन केही आदर्श स्थापनागर्न सकिन्छ । सम्पादकीय लेखन शैली, सरल, सरस र मीठासयुक्त हुनुपर्छ । सङ्क्षेप शैलीमा विचारात्मक र तार्किक ढङ्गले सम्पादकीय लेख प्रस्तुत गर्दा राम्रो हुन्छ ।

सम्पादकीय विषयवस्तुको प्रकृति र आवश्यकताअनुसार वर्णनात्मक, तर्कपरक औपचारिक, अनौपचारिक आदि विभिन्न शैलीको प्रयोग गर्न सकिन्छ । सम्पादकीय लेखनका तरिकाहरू यसप्रकार छन् :

(क) प्रश्न गर्ने शैली

(ख) परामर्श दिने शैली

(ग) आलोचना गर्ने शैली

(घ) कुरा बुझाउने शैली

(ङ) प्रशंसा गर्ने शैली

(च) विश्वास दिलाउने शैली

(छ) भिन्नता देखाउने शै ली

(ज) घृणा गर्ने शैली

(झ) भविष्यवाणी गर्ने शैली

(ञ) अवरोध गर्ने शैली

(ट) रचनात्मक शैली

## तालिका नं.३

| क.स. | शैली | सम्पादकीय शीर्षक | सम्पादकीय सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | आलोचना गर्ने | भ्रष्टाचार गर्ने राजनीति<br>निषेधको राजनीति नगर<br>शान्ति सम्झौताका बाह्र वर्ष<br>आयोगको स्वागत योग्य कदम<br>आर्थिक वृद्धि<br>औचित्यहिन मन्त्रीपरिषद् विस्तार<br>आर्थिक विकास गर्न शुसासन | १<br>१<br>१<br>१<br>१<br>१<br>१ | ७०% |
| २ | प्रशंसा गर्ने | गोरा पर्वको शुभकामना | १ | १०% |
| ३ | विश्वास दिलाउने | जनप्रतिनिधिलाई सुविधा | १ | १०% |
| ४ | कुरा बुझाउने | विकास निर्माणको गति | १ | १०% |
| जम्मा | | १० | १००% | |

माथिको तालिकाअनुसार ‘विकल्प राष्ट्रिय दैनिक’ पत्रिकाको सम्पादकीयमा ४ प्रकारका शैलकिो प्रयोग भएको देखिन्छ । नमुनाको रूपमा छानिएका १०वटा सम्पादकीयमध्ये आलोचना गर्ने७ वटा (७० प्रतिशत) प्रशंसा गर्ने शैली १ वटा ( १० प्रतिशत), विश्वास दिलाउने शैली १ वटा (१० प्रतिशत), कुरा बुझाउने शैली १ वटा (१० प्रतिशत), छ । यसरी हेर्दा ‘विकल्प राष्ट्रिय दैनिक’ पत्रिकाको सम्पादकीयमा आलोचना गर्ने शैली सबैभन्दा बढी प्रयोग भएको देखिन्छ ।

### ४.१.४ संरचना

कुनै वस्तुको बाहिरी ढाँचा, आकारप्रकार, आकृति, रूपाकृति आदिलाई संरचना भनिन्छ (अधिकारी र भट्टराई, २०६५:९५२) । पत्रिकाको सम्पादकीयको संरचना भन्नाले सम्पादकीयका अनुच्छेद र वाक्यलाई बुझाउँछ । सम्पादकीयको संरचना, पत्रिकाको आकार र विषयवस्तुमा भरपर्दछ ।

सम्पादकीय सामान्यतः ३/४ अनुच्छेदमा २५० शब्द जतिको हुन्छ (खनाल, २०६८:२१२) । शब्दको सङ्ख्या विषयवस्तुको महत्वअनुसार घटी बढी हुन सक्छ । पाठकहरू अनावश्कय गफ पढ्न चाहँदैनन् तसर्थ पनि सम्पादकीय लेखनमा शीघ्रता हुनुपर्छ न कि अनावश्कय विस्तार र विचारको पुनरावृत्ति (मानवत, १९६६:१२१३) ह्यारी, ब्लु स्टोनिसी फेर सम्पादकीय ३ भागमा संरचित निष्कर्ष (१९९७:४०) ।

सुरुमा सम्पादकीयको शीर्षक हुन्छ । शीर्षक बाहेक घरमा वा सम्पादकीयमा ३ खण्ड हुन्छन् । सुरुमा विषयवस्तुको छोटो परिचय र पृष्ठभूमि हुन्छ । यसको सुरुवात सरल र स्पष्ट भाषामा हुनुपर्दछ । मध्य भागमा तथ्य र विवरण सहित तर्क गरिन्छ । व्याख्या तार्किक विश्लेषण र मूल्याङ्कन सहितको मत प्रकट गर्ने कार्य सम्पादकीयको दोस्रो भागमा गरिन्छ । तेस्रो भाग वा अन्त्य भाग सम्पादकीयको उपसंहार हो । यस भागमा निष्कर्ष र सुझाव प्रस्तुत गरिन्छ (खनाल, २०६८:२४२) ।

प्रस्तुत अध्ययनमा राजधानी दैनिक पत्रिकाको सम्पादकीयलाई संरचनाको आधारमा अध्ययन गरिएको छ । जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं.४**

| क्र.सं | संरचना | सम्पादकीय शीर्षक | सम्पादकीय सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | ३ अनुच्छेद | ) विकास निमार्णको गति<br>) गौरा पर्वको शुभकामना<br>) भ्रष्टाचारतर्फ उन्मुख राजनीति<br>) निषेधको राजनीति नगर<br>) शान्ति सम्झौताका बाह्र वर्ष<br>) आयोगको स्वागतयोग्य कदम<br>) जनप्रतिनिधिलाई सुविधा<br>) औचित्यहिन मन्त्रीपरिषद्को विस्तार<br>) आर्थिक विकास गर्न शुशासन<br>) आर्थिक वृद्धि | १<br>१<br>१<br>१<br>१<br>१<br>१<br>१<br>१<br>१ | १००% |
| | जम्मा | | १० | १००% |

प्रस्तुत विकल्प राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयलाई शोधपत्रमा बाह्य संरचना हेर्दा अधिकांश सम्पादकीयहरू ३ अनुच्छेदमा वितरण भएको पाइयो । यो सम्पादकीयको संरचनामा सिद्धान्तअनुसार नै देखिन्छ ।

## ४.२ विकल्प पत्रिकाको सम्पादकीयमा प्रयुक्त वाक्यको स्थिति

एउटा उद्देश्य र एउटा विधेय भएको सार्थक भाषिक एकाइलाई वाक्य भनिन्छ । यो सबैभन्दा ठूलो व्याकरणिक एकाइ हो । वाक्यलाई उपवाक्यभन्दा ठूलो र अनुच्छेदमा सानो एकाइ मानिन्छ । काहिलेकाहीँ उद्देश्य र विधेयमध्ये एकको अभावमा पनि वाक्य बन्ने अवस्था आउँछ । त्यस्तो अवस्थामा सन्दर्भगत अर्थ लगाउनु पर्ने हुन्छ । संरचनाका आधारमा नेपाली भाषामा सरल र जटिल गरी दुई किसिमका वाक्य हुन्छन् ।

### (क) सरल वाक्य

एउटा मात्र उद्देश्य र एउटा मात्र विधेय भएको वाक्यलाई सरल वाक्य भनिन्छ । जसमा एउटा मात्र सम्यपिक क्रिया रहन्छ । एउटा मात्र उद्देश्य र एउटा मात्र विधेय भएको वाक्यलाई सरल वाक्य भनिन्छ । जस्तै

**सरल वाक्यका उदाहरण**

(क) जनादेश बमोजिम पार्टी एकीकरण पनि भयो । (२०७४/५/२०)

(ख) बाह्र वर्षसम्म पनि पीडितहरूका समस्या ज्यूँका त्यूँ हुँदा पीडितहरूमा निराशा व्याप्त छ । (२०७४/५/२१)

(ग) भ्रष्टाचार विरोधी अभियानमा दैनिक गन्ती अत्यन्त जरूरी छ । (२०७५/५/२५)

(घ) राजनीतिक दल र तिनका नेताका लागि यस्तो अशोभनीय काम सुहाउने विषय होइन । (२०७४/०५/२६)

**(ख) जटिल वाक्य**

एकभन्दा बढी उपवाक्यहरू मिलेर बनेको वाक्यलाई जटिल वाक्य भनिन्छ । जटिल वाक्यमा आउने उपवाक्यहरूलाई सापेक्ष वा निरपेक्ष संयोजकले जोडेको हुन्छ । सम्पादकीय लेखनमा सकभर सरल र छोटा वाक्यको प्रयोग गर्नु उपयुक्त मानिन्छ । सरल वाक्यको प्रयोगले विचार अभिव्यक्तिलाई सहज रूपमा पाठक साम‌ु पुऱ्याउँछ जसले पाठकहरू अखबारप्रति आकर्षित हुन्छन् ।

वाक्यहरू एकै सासमा पढिने खालका उपयुक्त मानिन्छन् । जटिल वाक्यको प्रयोगले पाठकलाई अलमलमा पार्न सक्छ । जस्तै

**जटिल वाक्यका उदाहरण**

१. दोस्रो संविधान सभाबाट संविधान जारी भएपछि अहिले तीन तहका सरकार बनेका छन् तर तीन तहका सरकारहरू बने पनि ती सरकारहरूले जनताको पीर मर्का बुझ्ने र समाधान खोज्ने कम गरेको थियो ।

२. राजनीतिक हिसाबमा मुलक छोटो अवधिमै फड्को मार्दै अघि बढेको छ तर सुशासनका लागि विधिको शासन समानता, समावेशिता समेटिएर बढ्दै गयो ।

३. गरिब मुलुकले धान्न सक्ने सेवा, सुविधा र पारिश्रमिक जनप्रतिनिधिहरूले पाउनु पर्नेमा कसैको दुईमत हुँदैन तब आफ्नो हात जगन्नाथ गर्न खोज्नु जनताप्रतिको धोका हो । (२०७४/५/३०)

४. कर्मचारी सरूवामा आचारसंहिता उल्लङ्घन नभएको भन्दै आपत्ति जनाउने आयोग मन्त्री परिषद्मा तीन मनत्री र एक राज्यमन्त्री नियुक्त हुँदा मौन बसेको छ ।

प्रस्तुत अध्ययन 'विकल्प राष्ट्रिय दैनिक' पत्रिकाको सम्पादकीयमा भााषको वाक्यका प्रकारका आधारमा अध्ययन गरिएको छ जसलाई तालिकामा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं.८**

| क्र.सं. | वाक्यका प्रकार | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सरल | १०१ | ३०.२३% |
| २ | जटिल | २३३ | ६९.७६% |
| | जम्मा | ३३४ | १००% |

माथिको तालिकालाई हेर्दा 'विकल्प राष्ट्रिय दैनिक' पत्रिकामा १० वटा सम्पादकीयमा जम्मा ३३४ वाक्य भेटिएका छन् । जसमध्ये सरल वाक्य १०१ (३०.२३% र जटिल वाक्य २३३ (६९.७६%) रहेका छन् । एउटा सम्पादकीयमा कम्तामा १६ वाक्य र बढीमा २७ वाक्यसम्म भेटिएका छन् ।

## ४.३ 'विकल्प' पत्रिकाको सम्पादकीयमा परियुक्त व्याकरणिक कोटीको विश्लेषण

वाक्यमा लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, ध्रुवीयता आदिलाई अभिव्यक्त गर्ने पक्षलाई वाक्यकोटि भनिन्छ । यसलाई व्याकरणात्मक कोटि भनेर चर्चा गरिएको पाइन्छ । वाक्यकोटिले वाक्यमा शब्दलाई प्रयोग योग्य बनाउँछ । प्रस्तुत शोधपत्रमा वाक्यकोटिअन्तर्गत काल, पक्ष र ध्रुवीयताको मात्र अध्ययन गरिएको छ ।

### ४.३.१ काल

क्रियाको समयसँग सम्बन्धित रूपायनिक कोटिलाई काल भनिन्छ (न्यौपाने र अन्य, २०६७:१०१) । कालको अध्ययन खास भाषामा समय बुझाउने भाषिक रूपको अध्ययन हो । त्यसैले काल भाषिक समय हो । यो क्रिया वा धातुबाट अभिव्यक्त हुन्छ । नेपालमि भूतकाल र अभूतकाल गरी दुई कालिक भेद रहेको पाइन्छ । पहिले वा बितिसकेको समयमा काम भएको वा काम हुने बानी परेको र भइसकेको कुरा पछि थाहा भएको बुझाउने क्रियापदको समयलाई भूतकाल भनिन्छ । नेपालीमा य् (इ र ए) परसर्ग लिने क्रिया भूतकालीन क्रिया हुन् ।

अहिलेको समयमा काम हुने हुँदै गरेको र भइ सकेर पनि यसको असर बाँकी रहेको र पछि आउने समयमा काम हुने बुझाउने क्रियापदको समयलाई अभूतकाल भनिन्छ । 'छ' परसर्ता लिने क्रिया अभूतकालीक क्रियापद हुन् । नेपाली भाषामा अभूतकाललाई पनि वर्तामन काल र भविष्यत् काल गरी दुई भागमा बाँडेर चर्चा गरिएको पाइन्छ । 'छ' अघि 'ने' लाग्ने भविष्यत्कालीन क्रिया र नलाग्ने (शून्य) वर्तमानकालीन क्रिया भनेर छुट्याइएको पाइन्छ (यादव र रेग्मी, २०६९:२०६) ।

पत्रिकाको सम्पादकीय लेखनमा यही कालको प्रयोग गर्नुपर्छ भन्ने कुनै निश्चित आधार छैन । विषयवस्तुअनुसार जुनसुकै कालको प्रयोग गर्न सकिन्छ । प्रस्तुत शोधपत्र विकल्प राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयको अध्ययनमा भूतकालीन र अभूतकालीन दुवै प्रकारका वाक्यको प्रयोग भएको पाइयो । यस अध्ययनलाई निम्न तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं.५**

| क्र. सं. | काल | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अभूतकाल | २८० | ८५.८% |
| २ | भूतकाल | ४६ | १४.१% |
| | जम्मा | ३२६ | १००% |

माथिका तालिकाअनुसार 'विकल्प राष्ट्रिय दैनिक' पत्रिकाको नमुना छनोट गरिएका सम्पादकीयमा जम्मा ३२६ वाक्यहरू रहेका छन् । जसमा अधिकांश वाक्यहरू अभूतकालका रहेका छन् । बाँकी भूतकालका रहेका छन् । ३२६ वटा मध्ये २८० अभूतकालीन वाक्य ( ८५.८ प्रतिशत) र भूतकालीन वाक्य ४६ (१४.१ प्रतिशत) रहेका छन् ।

**अभूतकालका उदाहरणहरू**

(क) सरकारले निर्वाचन आयोगको आग्रहअनुसार प्रदेश सभा र प्रतिनिधिसभाको निर्वाचन दुई चरणमा गर्ने निर्णय गरेको छ । (२०७४ साल भदौ २० गते)

(ख) निर्धारित समयभन्दा ६ वर्ष ढिलो र अनुमानित बजेटभन्दा दोब्बर बजेटमा निर्माण सम्पन्न हुन लागेको चमेलिया जलविद्युत् आयोजनाको ऊर्जा मन्त्री महेन्द्रबहादुर शाहीले निरीक्षण गरेका छन् । (२०७४ साल भदौ)

(ग) मेलम्ची खानेपानी आयोजना आगामी पुष मसान्तसम्ममा पनि सम्पन्न नहुने सम्भावना बढ्दै गएको छ । (२०७४ साल भदौ)

(घ) शान्ति सम्झौतमा राज्य र विद्रोही दुवैले मुलुकमा शान्ति स्थापना गर्ने र एक नेपालीले अर्को नेपाली माथि हिंसा नगर्ने प्रतिबद्धता जनाएका थिए ।

(ङ) जसरी भए पनि दलहरूले तोकिएको अवधिमा चुनाव गर्नुपर्ने त्यसो नगरे संविधान कार्यान्वयन नै अवरुद्ध हुनेछ ।

च) उदेश्य अनुरुप कार्यन्वयन हुन सके यसले धेरै शिक्षित युवालाई रोजगार बनाउने छ । (२०७४ भदौ २२ गते )

छ) आचारसहिँता कडाइका लागि निर्वाचन आयोगले पटक पटक झक्झकाउने आएको छ ।

(२०७४ भदौ २४ गते )

प्रस्तुत क,ख, ग, घ, ङ, च, छ, वाक्यका उदाहरणलाई हेर्दा यी वाक्यहरुमा अभुतकालिन जनाउने सन्दर्भमा छ, नेछ , प्रयोग भएको दखिन्छ । यो वाक्यले काम

हुदैछ र हुनेछ सन्दर्भलाई उद्धृत गरेको हुनाले प्रस्तुत वाक्यहरुलाई अभुतकालको उदाहरणको रुपमा लिन सकिन्छ ।

**भूतकालका केही उदाहरणहरू**

(क) चिसोसँगै हिउँ पर्ने भएकाले पहिले चरणमा हिमाली र उच्च पहाडी जिल्लामा तथा दोस्रो चरणमा बाँकीक्षेत्रमा निर्वाचन मिति घोषणा गर्न सरकारलाई निर्वाचन आयोगले सुझाव दिएको थियो । (२०७४/५/२० गते)

(ख) २०४७ सालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएपछि बनेको कृष्णप्रसाद भट्टराई नेतृत्वको सरकारले मेलम्चीको पानी ल्याएर राजधानीबासीलाई खुवाउने योजना बनाएको थियो । (२०७४ भदौ २२ गते)

(ग) प्रधानमन्त्री शेरबहादुर देउबाले आचारसंहिता विपरीत सरकार विस्तार गर्दै इतिहासकै जम्बो मन्त्री मण्डल गठन गरेको थियो । (२०७४ भदौ २३ गते)

(घ) प्रचारको क्रममा आचारसंहिता उल्लङ्घन मात्र होइन एक अर्काप्रति गाली गलौजको तहमा उत्रिने काम गरिरहेको थियो । (२०७४ भदौ २५ गते)

(ङ) व्यवस्थापिका संसद्को सोमबारको बैठकले भ्रष्टाचार, जबर्जस्ती करणी, मानव बेचबिखन तथा ओसारपसारमा दोषी ठहर भएको थियो । (२०७४ भदौ ३० गते)

प्रस्तुत क, ख, ग र घ तीनैवटा वाक्यका उदाहरणलाई हेर्दा यी वाक्यहरूमा भूतकालीन सन्दर्भ जनाउने प्रत्यय 'यो' प्रयोग भएको देखिन्छ । यो वाक्यले काम भइसकेको सन्दर्भलाई उद्धृत गरेको हुनाले प्रस्तुत वाक्यहरूलाई भूतकालको उदाहरणका रूपमा लिन सकिन्छ ।

**४.३.२ पक्ष**

कालका विविध अवस्था विशेषलाई सङ्केत गर्ने रूपायक कोटिलाई पक्ष भनिन्छ । क्रियामा व्यक्त गर्ने समयसँग क्रियामा व्यक्त घटनाको अवस्थालाई जोड्ने व्याकरणिक अभिलक्षण पक्ष हो । यो पनि क्रियामा अनित्यक हुने कोटि हो ।

यसैका आधारमा पक्षलाई सामान्य, अपूर्ण, पूर्ण, अज्ञात गरी ४ प्रकारमा बाँड्न सकिन्छ ।

प्रस्तुत शोधपत्रमा 'विकल्प राष्ट्रिय दैनिक' पत्रिकाको सम्पादकीयको अध्ययनलाई निम्न पाँच पक्षका आधारमा अध्ययन गरिएको छ । जसलाई तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं.६**

| क्र.सं. | पक्ष | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सामान्य | १९० | ५८.८२% |
| २ | अपूर्ण | १३ | ४.०२% |
| ३ | पूर्ण | १२० | ३७.१५% |
| | जम्मा | ३२३ | १००% |

**सामान्य पक्षको उदाहरण**

(क) तत्कालीन विद्रोही नेकपा माओवादी दस वर्ष जनयुद्धलाई बृहत् शान्ति सम्झौता मार्फत् टुङ्ग्याएर खुला राजनीतमिा आएको बुधबार १२ वर्ष पुगेको छ । (२०७४/५/२०)

(ख) संसद्बाट आवश्कय सबै निर्वाचन कानुन पारित भएसँगै घोषित मितिमा प्रदेश र प्रतिनिधि सभा चुनाव हुने सुनिश्चित भएको छ । (२०७४/५/२१)

(ग) आचारसंहिता विपरीत हुने सामग्रीको वितरणमा रोक लगाउन सम्बद्ध निकाय तथा तोकिएको अधिकारीलाई निर्देशन रूप गर्न सरकारलाई थप निर्देशन दिएको छ ।

**अपूर्ण पक्षको उदाहरण**

(क) भदौ १४ गतेबाट लागु हुने गरी निर्वाचन आचारसंहिता जारी गरिँदै छ । (२०७४/५/२१ गते)

ख) प्रमुख राजनीतिक दलले प्रदेश नं. २ को स्थानीय तह निर्वाचनलाई आ -आफ्नो प्रतिष्ठाको विषय बनाएर प्रचारमा लाग्दै आएका छन । (२०७४/५/२६ गते)

ग) नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल उपाध्यक्ष नारायणकाजी श्रेष्ठ लगाएतका नेता मधेसमा खतिरहेका छन । (२०७४/५/२६ गते)

घ) सशस्त्र द्वन्दका क्रममा वेपत्ता मृत्यु भएका तथा अंगभंग भएका व्यक्ति तथा परिवारले अझै न्याय र क्षेति पुर्ति नपाउदा कष्टदायी जीवन विताउदै छन । (२०७४/५/२९ गते)

### ४.३.३ ध्रुवीयता

क्रियाले एक पटकथा कि सकारात्मक कि नकारात्मक अर्थ व्यक्त गर्दछ । यही सकारात्मक वा नकरात्मकतालाई बुझाउने व्याकरणिक अभिलक्षणलाई ध्रुवीयता भनिन्छ । यही आधारमा क्रियापद करण अकरण गरी दुई वर्गमा छुट्टिन्छन् । नेपाली भाषामा करण र अकरण भेद क्रियामा देखिन्छ । सकारात्मक अर्थ बुझाउने कोटि करण हो भने नकारात्मक अर्थ बुझाउने कोटि अकरण हो ।

प्रस्तुत शोधपत्र 'विकल्प राष्ट्रिय दैनिक' पत्रिकाको सम्पादकीयको अध्ययनलाई ध्रुवीयताको आधारमा अध्ययन गरिएको छ । जसलाई तालिकामा निम्नअनुसार देखाउन सकिन्छ ।

**तालिका नं.७**

| क्र.सं. | ध्रुवीयता | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | करण | २७१ | ८०.६५% |
| २ | अकरण | ६५ | १९.३५% |
| | जम्मा | ३३६ | १००% |

**करण वाक्यका केही उदाहरणहरू**

- निर्वाचनले प्रदेश तथा स.घको निर्वाचनका लागि समेत आधार र विश्वास खडा गरेको छ । (२०७४/५/२०)

- आयोगकै माग बमोजिम दुई चरणमा निर्वाचन गर्न सिफारिस गरिएको छ । (२०७४/५/२१)

- गौरा देवीलाई स्थानीय सामाजिक तथा धार्मिक मान्यता अनुरूप तिथि हेरी विसर्जन गरिने चलन छ । (२०७४/५/२५)

**अकरणवाक्यका केहीउदाहरणहरु**

- शुसानका लागि विधिको शासन, समानता समावेशिता जनसहभागिता पारदर्शिता, उत्तरदायित्व मानवाधिकार, रोजगारीको प्रत्याभूति स्वास्थ्य शिक्षा-आवास आदि मूलभूत पक्षमा जनसाधरणको सुलभ पहुँच, जनमुखी प्रशासनमन्त्र जस्ता पद्धतिमा जोड पुग्न सकेको छैन (२०७४।५।२१ गते) ।
- मुलुकमा सुशानहुन सक्दैन तबसम्ममुलुकले अग्रगामीदिसानिर्देश गर्न सक्दैन (२०७५।५।२२गते)
- दुई चरणको निर्वाचनको परिणामले केवल राजनीतिकदलहरुको आकार प्रकार र उम्मेदवारहरुको लोकप्रियतामात्र संकेत गरेको छैन ।(२०७४।५।३०गते
- गरिव मुलुकले धान्न सक्ने सेवा सुविधा पारिश्रमिक जनप्रतिनिधिहरुले पाउनुपर्नेमा कसैको दुईमत हुँदैन ।(२०७४।५।३० गते

## परिच्छेद : पाँच

## सारांश, निष्कर्ष र उपयोगिता

### ५.१ सारांश

एघारौँ शताब्दीबाट सुरु भएको नेपाली भाषा अहिलेको अवस्थामा आइपुग्दा धेरै विकास भएको छ । प्राचीन काल मध्यकाल र आधुनिक काल हुँदै नेपाली भाषावर्तमानसम्म आई पुग्दा पूर्ण विकसित अवस्थामा आई पुगेको छ । यति हुँदा हुँदै पनि नेपाली भाषाको प्रयोगमा विभिन्न त्रुटिहरू भएको पाइन्छ । भाष ाप्रयोजनका हिसाबले नेपाली भाषा विभिन्न क्षेत्रमा प्रयोग गरिँदै आएको छ । त्यस मध्येको महत्वपूर्ण क्षेत्र आमसञ्चार माध्यम पनि हो ।

रेडियो, टेलिभिजन, फिल्म, नाटक, पत्रपत्रिका आदिमा प्रयोग गरिने नेपालमिा भाषामा अझै पनि त्रुटिहरू रहेका छन् । नेपाली भाषाप्रतिको उदासिनता, नेपाली भाषाप्रति अन्य भाषाको प्रहार आदि कारणबाट पनि नेपाली भाषामा त्रुटिहरू रहेको पाइन्छ । नेपाली इतर भाषाको प्रयोग गर्नाले व्यक्तित्व झल्कने साथै गौरवको अनुभूति गर्ने मानसिकताको उपजको कारण नेपाली भाष ामारमा परेको देखिन्छ ।

प्रस्तुत शोध पत्रको उद्देश्य 'विकल्प राष्ट्रिय दैनिक' पत्रिकाको सम्पादकीयको अध्ययन रहेको छ । यसका लागि सम्पादकीयको संरचनात्मक अध्ययनअन्तर्गत शीर्षक, संरचना शैली र विषयवस्तुलाई आधार बनाइएको छ भने सम्पादकीयको अध्ययनअन्तर्गत वाक्यकोटि (काल, पक्ष, ध्रुवीयता) र वाक्यका प्रकार (सरल र जटिल) लाई आधार बनाइएको छ । नमुना छनोटमा परेका १० वटा सम्पादकीयलाईएकै साथ अध्ययन गरी तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएको छ । पहिलो परिच्छेदमा शोध परिचय, दोस्रो परिच्छेदमा पूर्वकार्यको अवलोकन र सैद्धान्तिक अवधारणा, तेस्रो परिच्छेदमा विधि र प्रक्रिया, चौथो परिच्छेदमा व्याख्या तथा विश्लेषण र परिच्छेद पाँचमा सारांश, निष्कर्ष, उपयोगितालाई समेटिएको छ ।

सम्पादकीय समाचार होइन विचार हो । सार्वजनिक महत्वको सन्देश दिन सम्पादकीय प्रभावकारी हुन्छ । छापा माध्यमका अतिरिक्त अनलाईन माध्यममा समेत सम्पादकीय महत्वपूर्ण मानिन्छ । भनिन्छ, शिक्षित पाठकहरूले सर्वप्रथम पत्रिकाको

सम्पादकीय हेर्छन्, सामान्य पाठकले राशिफल । त्यसैले सम्पादकीय अत्यन्तै कम पढिने स्तम्भ हो तर यसको प्रभाव अन्य सबै समाचार सामग्रीको भन्दा बढी हुन्छ ।

नेपालको सञ्चार इतिहासलाई हेर्ने हो भने २००७ सालमा प्रजातन्त्रको घोष्णा भएपछि मात्रै सबैजसो पत्रपत्रिकाले औपचारिक रूपमा सम्पादकीय स्तम्भ छाप्न थालेका हुन् । समपदकीय सम्बन्धित पत्रिकाको सम्पादकले आफ्नावे पत्रिकाको तपर्फबाट कुनै विषयमाथि विश्लेषण गर्दै उपयुक्त सुझाव दिने गरी लेखिने एक नियमित लेखन हो । यसमा लेखकको नाम उल्लेख गरिएको हुँदैन । यस्तो लेखनलाई पत्रिकाको आधिकारिक अभिव्यक्ति वा अग्रलेख (Leader) पनि भन्ने गरिन्छ । सम्पादकीयको भाषा स्तरीय र विश्लेषणात्मक हुनुपर्दछ । सम्पादकीयका लागि एउटा निश्चित स्थान छुट्याइएको हुन्छ । दुई छुट्टाछुट्टै विषयमा सम्पादकीय लेख्ने चलन पनि छ तर दुई वा दुईभन्दा बढी सम्पादकीय लेख्नु राम्रो मानिँदैन । सम्पादकीय साधारणतयाः तीन अनुच्छेदमा लेखिन्छ । पहिले अनुच्छेदमा विषय प्रवेश, दोस्रो अनुच्छेदमा विषय विश्लेषण, तर्क वा खण्डन, पुष्टि वा उदाहरण र तेस्रो अनुच्छेदमा सुझाव सहित उपसंहार रहेको हुन्छ । सम्पादकीयमा वास्तविक र सत्यतथ्य विचारहरू मात्र प्रयोग हुनुपर्दछ । आलोचनात्मक भाषामा सम्पादकीय लेखिने हुँदा त्यसमा प्रयोग गरिने भाषा शिष्ट र नम्र हुनुपर्दछ । सम्पादकीय लेख्दा आफ्नो सञ्चार गृह तथा पेसागत मर्यादालाईपनि ध्यान दिनु आवश्यक हुन्छ ।

'विकल्प राष्ट्रिय दैनिक' पत्रिकाका शोधका निमित्त छनोट गरिएका सम्पूर्ण सम्पादकीयहरूमा औपचारिक भाषाको प्रयोग भएको छ । सरल वाक्यको तुलनामा जटि वाक्यको प्रयोग बढी पाइन्छ । कालगत आधारमा भूतकालको तुलनामा अभूतकालको प्रयोग ज्यादा पाइन्छ । पक्षका आधारमा सामान्य पक्षको प्रयोग धेरै भएको देखिन्छ । त्यसपछि पूर्ण र अपूर्ण पक्षको प्रयोग भएको देखिन्छ । अकरणको भन्दा करण वाक्यको अधिक प्रयोग पाइन्छ ।

## ५.२ निष्कर्ष

'विकल्प राष्ट्रिय दैनिक' पत्रिकाको वि.सं.२०७४ भदौ २० देखि ३० गतेसम्मका जम्मा १०  वटा सम्पादकीयको अध्ययनबाट प्राप्त निष्कर्षलाई निम्नानुसार बुँदागत रूपमा देखाउन सकिन्छ ।

(क) सम्पादकीयशीर्षकको आधारमा अध्ययन गर्दा ३ देखि ४ शब्दसम्ममा संरचित भएका पाइन्छन् । जसमध्ये ३ शब्द शीर्षक सबैभन्दा बढी ६ वटा

(ख) सम्पादकीयको संरचनाको आधारमा अध्ययन गर्दा ३ अनुच्छेदसम्म संरचित रहेको पाइन्छ ।

(ग) सम्पादकीयको विषयवस्तुको आधारमा अध्ययन गर्दा विभिन्न ३ क्षेत्रका विषयमा लेखिएको देखिन्छ । १० वटा नमुनामध्ये सबैभन्दा बढी राजनीतकि विषयमा ६ वटा सम्पादकीय रहेका छन् ।

(घ) सम्पादकीयको शैली आधारमा अध्ययन गर्दा विभिन्न शैलीमा सम्पादकीय संरचित भएको देखिन्छ ।

(ङ) सम्पादकीयको कालका आधारमा अध्ययन गर्दा भूतकालभन्दा अभूतकालको प्रयोग धेरै भएको पाइन्छ ।

(च) सम्पादकीयको पक्षका आधारमा अध्ययन गर्दा सामान्य पूर्ण र अपूर्ण प्रयोग भएको पाइन्छ ।

(छ) ध्रुवीयताको आधारमा अध्ययन गर्दा अकरण वाक्यभन्दा करण वाक्यको प्रयोग अधिक देखिन्छ ।

(ज) सम्पादकीयको वाक्यका प्रकारका आधारमा अध्ययन गदा जटिल वाक्यको प्रयोग अधिक देखिन्छ ।

## ५.३ उपयोगिता

प्रस्तुत विकल्प राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा अध्ययन शीर्षकको यस अध्ययनबाट प्राप्त परणमका आधारमा निम्नानुसारका उपयोगीताहरु उल्लेख गर्न सकिन्छ ।

### ५.३.१ नीतिगत तह

(क) प्रस्तुत शोधपत्र भावी दिनमा सम्पादकीयको बारेमा गरिने शोधपत्रको नमुना शोधपत्र बन्नेछ ।

(ख) प्रस्तुत अध्ययनबाट सम्पादकीयमा प्रयोग गरिने भाषाको र परिमार्जनमा सहयोग मिल्ने देखिन्छ ।

(ग) प्रस्तुत अध्ययनले सम्पादकीय स्वरूपका बारेमा सम्पादकीयमा प्रयोग हुने वाक्यका बारेमा,  सम्पादकीयमा प्रयोग हुने भाषाका बारेमा जानकारी प्रदान गरकाे हुनाले यससँग सम्बन्धित गहिरो अध्ययनकर्ताका लागि विशेष प्रभावकारी देखिन्छ ।

(घ) भविष्यमा सम्पादकीय लेखनमा कलम चलाउने अनुसन्धानकर्तालाई अनुच्छेद विन्यासको द्विविधाबाट मुक्त गराई तीन अनुच्छेदसम्म सम्पादकीय लेख्नु पर्ने पाठ सिकाउन उपयोगी हुनेछ ।

(ङ) प्रस्तुत अध्ययनबाट सम्पादकीय प्रयोग गरिने भाषाको परिष्कार र परिमार्जनसम्म सहयोग मिल्ने देखिन्छ ।

त्यसै गरी सम्पादकीयमा प्रयुक्त भाषको अध्ययनबाट उक्त अध्ययनका लागि सैद्धान्तिक अवधारणबारे उपयुक्त नीति बनाउन सकिन्छ । सम्पादकीयमा कस्तो शब्दको प्रयोग गरिनु पर्दछ भन्ने कुराको नीतिगत अध्ययनका लागि उपयागी रहने छ ।

### ५.३.२ प्रयोगगत तह

शोध पत्रको अनुसन्धानबाछ निकालिएका निर्ष्कषहरु विभिन्न क्षेत्रमा प्रयोग हुन सक्छन । प्रस्तुत शोधपत्र पछिल्ला अध्ययनका लागि सन्दर्भ सामाग्रीको रुपमा रहने छ । शोधमा प्राप्त निर्ष्कषले विकल्प राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा प्रकाशनका लागि उचित भाषा

प्रयोग गर्न पनि मार्ग प्रकाशनका लागि उचित भाषा प्रयोग गर्नपनि मार्ग निर्देशन प्राप्त हुने विश्वास गरिएको छ । प्रस्तुत शोधपत्र कुनै पनि पत्रिकाको भाषाको अध्ययन गर्न समेत विशेष उपयागी रहेको ठान्न सकिन्छ ।

प्रस्तुत शोधपत्रका उपयोगिताहरुलाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

१ विकल्प द्रनिक पत्रिकाको सम्पादकलाई सहयोग पुग्नेछ

२ प्रस्तुत अध्ययन पधिकाको सम्पादकलाई सहयोग पुग्नेछ ।

३ आम सञ्चारको पाठ्य पुस्तक लेख्न र अध्ययन रुचाउने सर्न्दभ सामाग्री हुने देखिन्छ ।

४ भाषाविद्लाई विभिन्न सन्दर्भमा सहयोग पुर्‍याउने देखिन्छ ।

५ पत्रिका वा समाचारसँग सम्बन्धित अन्य न्यक्तिहरुलाईंए उपयोगी हुनेछ ।

## ५.४ सुझाव

शोधकार्यको अन्त्यमा शोध अध्ययन र निष्कर्षबाट सम्भावित विषयमा देखा परेका कमी कमजोरीप्रति सचेतना अपनाउन उक्त सुधार प्रक्रियाका लागि सुझावहरू प्रस्तुत गर्नु शोध कार्यको अन्तिम उद्देश्य हो । काम गर्दै जाँदा कमी कमजोरी हुनु स्वभाविकै हो । गल्ती कमजोरीलाई पहिल्याई सुधार गर्दै जानु पर्दछ । 'विकल्प राष्ट्रिय दैनिक' पत्रिकाको सम्पादकीयको अध्ययन विश्लेषण गर्दा सम्पादकीय लेखनको सिद्धान्त अनुरूप नै देखिए पनि अध्ययनका क्रममा सङ्कलित तथ्याङ्कको विश्लेषणबाट निस्किएका निष्कर्षका आधारमा भेटिएका सम्पादकीयका केही कमजोरीहरूलाई औंल्याउँदै निम्न सुझावहरू प्रस्तुत गर्न सकिन्छ ।

(क) अध्ययन गरिएका सम्पादकीयहरूमध्ये केही सम्पादकीयको शीर्षकात्मक ढाँचामा छन् । सम्पादकीयहरू पदावली युक्त हुनु राम्रो मानिन्छ ।

(ख) लामा वाक्यलाई कम गर्नु राम्रो मानिन्छ ।

(ग) सश्लेषित वाक्यभन्दा सरल ढङ्गमा वाक्य रचना गर्नु उचित मानिन्छ ।

(घ) सम्पादकीय लेखनमा दैनिक प्रयोगमा आइरहने परिचित र सजिला शब्दहरूको प्रयोग राम्रो मानिन्छ ।

(ङ) सम्पादकीय पृष्ठभूमि, तार्किक विश्लेषण र निष्कर्ष गरी तीन भागमा संरचित हुनु उचित मानिन्छ ।

# पुस्तक सूची

अधिकारी, निर्मलमणि (२०६६), आमसञ्चार र पत्रपत्रिकाता (पाँचौ सं), काठमाण्डौ : प्रशात प्रकाशन ।

अधिकारी, हेमाङ्राज (२०६५), समसामयिक नेपाली व्याकरण, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

अध्ययन शिक्षा स्नाकोत्तर शोधपत्र, नेपाली भाष शिक्षा विभाग त्रि.वि. ।

ओझा,रामनाथ (२०६५), सामान्य भाषाविज्ञान, काठमाण्डौ : वाङ्मय प्रकाशन, गृह ।

खनाल, चिरञ्जीवि (२०५७), सम्पादन सहयोगी, काठमाण्डौ : नेपाल प्रेस इन्स्टिच्युट ।

खनाल, श्रीराम (२०६८) आमसञ्चार  र पत्रिकारिता, काठमाण्डौ विद्यार्थी पुस्तक भण्डार ।

चालिसे, विजय (२०५७), समाचार सङ्कलन तथा सम्पादन (दोस्रो सं.) काठमाण्डौ सृष्टि प्रकाशन ।

ढुङ्गाना, गंगा (२०६६), नेपाली दैनिक समाचार पत्रहरुमा प्रयुक्त भाषाको अध्ययन, शिक्षा स्नाकोत्कर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग,त्रि.वि.।

नेपाल प्रेस इन्स्टिच्युट (२०५८) पत्रकारिता हाते किताब, (तेस्रो सं), काठमाण्डौ : इन्द्रेणी अफसेट ।

न्यौपाने,टङ्कप्रसाद र अन्य (२०६७)सामान्य भाषाविज्ञान,काठमाण्डौं :सनलाइट पब्लिकेसन ।

पाण्डे, दधिराम (२०७०), नेपाल समाचार पत्र दैनिक पत्रिकाको सम्पादकीमा प्रयुक्तभाषाको अध्ययन, शिक्षा स्नाकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.।

पोख्रेल , रविना (२०७१) पावन भूमि राष्ट्रिय दैनक पधिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन, शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.।

पौडेल , सुस्मा (२०७१) पावन भूमि राष्धिय साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषको अध्ययन, शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग त्रि.वि.।.

पौड्याल, दुर्गा (२०६८) नेपाली दैनिक समाचार पत्रहरुमा प्रयुक्त शब्द भण्डारको अध्ययन , शिक्षा स्नाकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.

पुरोहित, अनिल किशोर (ई. १९९८), आधुनिक समाचारपत्र प्रबन्ध, दिल्ली : आदित्य पब्लिकेशन ।

भट्राई,डी.पी.र अन्य (२०६७), अनिवार्य नेपाली ,काडमाण्डौ : अक्सफोर्ड इन्टरनेशलन पब्लिकेसन । प्रा.लि. ।

भण्डारी , पारसमणि (२०६३), स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण , काठमाण्डौ : न्यू हिरा बुक्स ।

भण्डारी, पारसमणि (२०६०), प्राथमिक तहका विद्यार्थीहरुको आधारभूत नेपाली शब्द भण्डारको निरुपण त्रि.वि. डीनको कार्यालय मानविकी सङ्काय प्रस्तुत विद्यावारिधी शोध प्रबन्ध ।

भण्डारी, पारसमणि(२०७४), प्राज्ञिक लेखन तथा सम्पादन, : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाण्डौ ।

भण्डारी, पारसमणि(२०७५), नेपाली शिक्षा पाठ्यक्रम दिग्दर्शन : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाण्डौ ।

भानवत, सजीवत (इ.१९९७), सम्पादक कला, जयपुर युनिभर्सिटी पब्लिकेसन ।

मेहता, डी.एस.(इ१९७९) मास कम्युनिकेसन एन्ड जर्नालिम्स इन इन्डिया, मुम्बई एलाइट पब्लिसर्स लिमिटेड ।

बराल कृष्णहरि र नेत्र एटम (२०६६), नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास , दोस्रो सं.० काठमाण्डौ : तलेजु, प्रकाशन ।

बन्धु चूडामणि (२०५२), अनुसन्धान तथा प्रतिवेदन लेखन, काठमाण्डौ : रत्न पुस्तक भण्डार ।

बस्ती, शरच्चन्द्र (२०६५), हाम्रो भाषा (पुनर्मुद्रण ) काठमाण्डौ :: एकता प्रकाशन ।

यादव योगेन्द्रप्रसाद र भीमनारायण रेग्मी (२०५९), भाषाविज्ञान (दोस्रो संशोधन), काठमाण्डौ : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६६), शोधविधि (चौथो सं.), ललितपुर : साझा प्रकाशन ।

**शोधपत्रहरु**

अयडी, शुशीलाकुमारी (२०७०), 'एन्जिला टाइम्स दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्यययन', नेपाली भाषा शिक्षा विभाग, त्रि.वि, कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

कक्षपति सापित्री (२०३८,२०४०), विज्ञापनको नेपाली भाषा एक अध्ययन , (अप्र.शोधपत्र) , कीर्तिपुर : नेपाली केन्द्रीय विभाग ।

घिमिर, भेषराज (२०५७), प्रयोजनपरक भेदक रुपमा समाचारपत्रका शीर्षकहरुको अध्ययन कीर्तिपुर : नेपाली केन्द्रीय विभाग ।

तिमिल्सेना, शिवप्रसाद (२०६६), गोरखापत्रको सम्पादकीयमा प्रयुक्त भाासको अध्ययन , नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.,कीर्तिपुरमा प्रस्तुत स्नाकोत्तर शोधपत्र ।

तिमल्सिना, रञ्जिताकुमारी (२०६९), हिमाल खबर पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषको अध्ययन ।

देवकोटा जगदिश, (२०७०), नयाँ जनदिशाा पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषको अध्ययन, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.,कीतिपुरमा प्रस्तुत स्नाकोत्तर शोधपत्र ।

धिताल, भोजराज (२०६८), नेपाली दैनिक समाचारपत्रमा पारिभाषिक शब्दावलीको अध्ययन नेपाली भाषा शिक्षा विभाग , त्रि.वि.,कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोत्रपत्र ।

नेपाल, शक्तिराज (२०६६), नेपाली समाचार पत्रको कार्टर्सन स्तम्भमा प्रयुक्त भाषाको अध्ययन, नेपाली भाषा शिक्षा विभाग ,त्रि.वि.,कीतिपुरमा प्रस्तुत स्नातकोत्तर शोत्रपत्र ।

प्रसाई, अञ्जना (२०६९), मेची टाईम्स दैनिक सम्पादकीय प्रयुक्त भाषाको अध्ययन,नेपाली भाषा शिक्षा विभाग,त्रि.वि.,कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोत्रपत्र ।

पोखरेल, सुरेन्द्र (२०६१), नेपाली राष्ट्रिय दैनिक अखबारका समाचारका भाषा तथा प्रस्तुतीकरणको अध्ययन, दर्शनीमार्ग : रत्न राज्यलक्ष्मी क्याम्पस, पत्रिकारिता तथा आमसञ्चार विभाग ।

पौडेल , दीपक (२०६८),नवयुवा मासिक पत्रिकाको सम्पादीय प्रयुक्त भाषको अध्ययन, नेपाली भाषा शिक्षा विभाग,त्रि.वि.,कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोत्रपत्र ।

बास्तोला, हरिकला (२०६९), नेपाली समाचार पत्रका खेलकुद खण्डमा प्रयुक्त नेपाली भाषाको अध्ययन,नेपाली भाषा शिक्षा विभागत्रि.वि.,कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोत्रपत्र ।

भट्राई, नरेन्द्रप्रसाद (२०५८), प्युठान अर्ध साप्ताहिक सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन, नेपाली भाषा शिक्षा विभाग त्रि.वि.,कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोत्रपत्र

न्यौपाने,होमप्रसाद (२०६७), ब्लाष्ट टाइम्स राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन, नेपाली भाषा शिक्षा विभागत्रि.वि.,कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोत्रपत्र ।

शर्मा, ज्योत्सना (२०६७), नागरिक दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन, कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग ।

शर्मा, प्रतिभा (२०६७), कीन्तिपुर दैनिक पधिकाको सम्पादकीयमा प्रयुक्त भाषको अध्यययन ,

कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग ।

परिशिष्ट एक : २०७४ /०५ /२१

विकल्प
राष्ट्रिय दैनिक

## सम्पादकीय

# आर्थिक विकास गर्न सुशासन

स्थानीय, प्रदेश र संघको निर्वाचन सम्पन्न भएपछि देश पूर्णरूपले संघीय ढाँचामा प्रवेश गर्ने छ । सरकारले प्रदेश र संघको निर्वाचन एकै चरणमा गर्ने पूर्व निर्णय उल्टाएको छ । अब आगामी मंसिर १० र २१ गते गरी दुई चरणमा निर्वाचन गर्न सरकारले निर्वाचन आयोगलाई सिफारिस गरेको छ । आयोगको तयारी पूरा नभएको भन्दै दुई चरणमा निर्वाचन गर्न सुझाव दिएको थियो । आयोगकै मागबमोजिम दुई चरणमा निर्वाचन गर्न सिफारिस गरिएको छ । स्थानीय तहका लागि प्रदेश नं. २ को निर्वाचन आगामी असोज २ गते हुनेछ । निर्वाचनको अन्तिम तयारीमा दलहरू जुटेका छन् । ठूला साना दलहरू आफ्नो अस्तित्व जोगाउन यो निर्वाचनमा एकदमै सक्रिय देखिएका छन् । स्थानीय तहको निर्वाचन सम्पन्न भएलगत्तै प्रदेश र संघको निर्वाचन दुई चरणमा गर्ने सरकारी निर्णयले प्रमुख प्रतिपक्षी नेकपा एमालेलाई सन्तुष्ट बनाउन सकेको छैन । एकै चरणमा निर्वाचन गर्नुपर्ने उसको माग रहेको देखिन्छ । यसअघि सत्ताधारी र प्रतिपक्षी दुवै दलले एकै चरणमा प्रदेश र संघको चुनाव गर्न सहमति जनाएका थिए । सोहीबमोजिम सरकारले आगामी मंसिर १० मा एकै चरणमा निर्वाचन गर्न मिति सिफारिस गरेको पनि थियो । तर आयोगकै आग्रहमा दुई चरणमा गर्न पछि सिफारिस भएको छ । यसले आयोगलाई काम गर्न सहज हुने तर्क गरिएको छ ।

प्रदेश र संघको निर्वाचन सम्पन्न भएपछि मात्रै अहिलेको संक्रमण काल टुंगिने हो । ०६२–०६३ को आन्दोलनको कार्यादेश भनेको मुलुकमा संघीय गणतन्त्र संस्थागत गर्नु हो । यसका लागि स्थानीय, प्रान्तीय र संघीय संरचनालाई चलायमान बनाउनुपर्ने हुन्छ । यसका लागि निर्वाचन नै मुख्य कडी हो । तीनवटै तहको निर्वाचन आगामी माघ ७ गतेभित्र सम्पन्न गरिसक्नुपर्ने बाध्यतालाई बेवास्ता गर्न सकिन्न । समय छोटो छ तर काम नगरी हुने अवस्था पनि छैन । जसरी भए पनि दलहरूले तोकिएको अवधिमा चुनाव गर्नैपर्छ । त्यसो नगरे संविधान कार्यान्वयन नै अवरुद्ध हुने छ । यसका लागि राजनीतिक तहबाट इमानदार प्रयत्न हुन आवश्यक छ । निर्वाचनसम्बन्धी कतिपय कानुन पारित भइसकेको छैन । संसदीय समितिमै विधेयक छलफलको क्रममा रहेका छन् । यसले काम गर्न आयोगलाई बाधा उत्पन्न भएको छ । त्यसैले दलहरूले यसमा लामो विवाद गरेर अड्काउने भन्दा सहज रूपमा सहमति बनाएर पास गर्नेतिर लाग्नु राम्रो हुनेछ ।

राजनीतिक हिसाबमा मुलुक छोटो अवधिमै फड्को मार्दै अघि बढेको छ । तर, सुशासनका लागि विधिको शासन, समानता, समावेशिता, जनसहभागिता, पारदर्शिता, उत्तरदायित्व, मानवाधिकार, रोजगारीको प्रत्याभूति, स्वास्थ्य–शिक्षा–आवास आदि मूलभूत पक्षमा जनसाधारणको सुलभ पहुँच, जनमुखी प्रशासनयन्त्र जस्ता पद्धतिमा जोड पुग्न सकेको छैन । जबसम्म मुलुकमा सुशासन हुन सक्दैन तबसम्म मुलुकले अग्रगामी दिशानिर्देश गर्न सक्दैन । मुलुकको अबको बाटो भनेको सुशासन कायम गरेर आर्थिक समृद्धि गर्नु हो । त्यसका लागि अहिले देखिएको भ्रष्टाचारलाई निर्मूल गर्न सक्नु पर्दछ । भ्रष्टाचार विरोधी अभियानमा नैतिक क्रान्ति अत्यन्त जरुरी छ । राजनीतिमा नैतिकताको ह्रास हुँदै आएकाले नै दलप्रति श्रद्धा, निष्ठाभाव बढ्न नसकेको वास्तविकतालाई हरेक नेतृत्वले आत्मसात् गर्नुपर्छ । सादा जीवन, उच्च विचारको भावनालाई सर्वोपरि राख्ने दलीय परिपाटी कायम गर्न सिक्नु पर्दछ । उम्मेदवार चयनदेखि निर्वाचन तथा पद वितरण गर्दासमेत पैसाको खेल हुने राजनीतिक परिपाटीलाई अन्त गर्न नसके सम्म भ्रष्टाचार रोक्न सकिंदैन । त्यसैले मुलुकमा आर्थिक क्रान्ति गर्ने हो भने सुशासन अनिवार्य सर्त हो । सुशासन कायम गर्न भ्रष्टाचार मुक्त हुन पर्दछ । त्यसका लागि राजनैतिक नेतृत्व नैतिकवान हुन पर्दछ । अनिमात्र सुशासनयुक्त सम्वृद्ध मुलुकको परिकल्पना गर्न सकिन्छ । मुलुकको अबको आवश्यकता भनेको नै त्यही हो ।

परिशिष्टदुईः २०७४ /०५ /२२

विकल्प
राष्ट्रिय दैनिक

## सम्पादकीय

# भ्रष्टाचारतर्फ उन्मुख राजनीति

संसद्‌बाट आवश्यक सबै निर्वाचन कानुन पारित भएसँगै घोषित मितिमा प्रदेश र प्रतिनिधिसभा चुनाव हुने सुनिश्चित भएको छ । सरकारले दुवै निर्वाचन सागसागै दुई चरणमा मंसिर १० र २१ गते गर्ने घोषणा गरिसकेको छ । निर्वाचन आयोगले चुनावका लागि माग गर्दै आएका सबै कुरा करिब पूरा भएका छन् । व्यवस्थापिका–संसद्‌को सोमबारको बैठकले भ्रष्टाचार, जबर्जस्ती करणी, मानव बेचबिखन तथा ओसारपसारमा दोषी ठहर भएकाले उम्मेदवार हुन नपाउने व्यवस्थासहितको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनसम्बन्धी विधेयक पारित गरेको छ । सर्वोच्च अदालतबाट भ्रष्टाचारी ठहर भएकाले प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनमा आजीवन उम्मेदवार बन्न नपाउने भएका छन् । भ्रष्टाचारी उम्मेदवार हुन पाउनुपर्ने कांग्रेसको अडानका कारण सो विधेयक लामो समयसम्म रोकिएको थियो । दफावार छलफलका लागि संसद्‌ले गत १५ साउनमा राज्य व्यवस्था समितिमा पठाइएका दुई विधेयकहरू सांसदहरूले राखेको संशोधन प्रस्तावले खडा गरेका विवादका कारण रोकिएको थियो । मुलुकमा कुनै ठूलो व्यवधान उत्पन्न नभए आगामी मंसिरमा नयाँ संविधानको व्यवस्थाअनुरूप प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न हुनेछ ।

आगामी माघ ७ गतेभित्र तीनै तहको निर्वाचन गरिसक्नुपर्ने संवैधानिक प्रावधानअनुरूप भौगोलिक मौसमको अनुकूलतालाई हेरेर सरकारले मंसिरभित्रैमा सबै तहको निर्वाचन सम्पन्न गर्ने गरी कार्यसूची अगाडि बढाएको छ । क्षेत्र निर्धारण आयोगले सरकारलाई बुझाएको प्रतिवेदनका आधारमा निर्वाचन आयोगले पनि आफ्नो कार्यक्रम अगाडि बढाइसकेको छ । भदौ १४ गतेबाट लागू हुने गरी निर्वाचन आचारसंहिता जारी गरेको छ । यसको पालना सरकार र राजनीतिक दलले गरे नगरे पनि आयोग कडाइका साथ यसको पालना गराउने पक्षमा देखिएको छ । निर्वाचनपछि संविधानबमोजिम प्रदेशमा प्रदेशसभा र प्रदेश सरकार गठन हुनेछ भने केन्द्रमा नयाँ राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुखको चयनका साथै नयाँ सरकारको समेत गठन हुनेछ । यो निर्वाचन मतदाताले आफूले रुचाएको दल वा उम्मेदवारलाई मतदान गर्ने अधिकार मात्र नभई संविधान पूर्ण कार्यान्वयन गराउने महत्त्वपूर्ण अवसरसमेत हुनेछ । संविधानको कार्यान्वयनले लोकतान्त्रिक विधि र प्रक्रियालाई संस्थागत गराउनमा सघाउ पुग्छ ।

लोकतान्त्रिक विधि र मान्यतालाई आत्मसात् गर्न नसक्दा मुलुकमा धेरै किसिमका विकृति र विसंगतिले जरा गाड्ने मौका पाएको छ । यसलाई रोक्न राजनीतिक दल र समाजका जिम्मेवार तह र निकायमा रहेकाले स्वच्छता, इमानदारिता र निष्पक्षता कायम राख्न सक्नुपर्छ । निर्वाचन अनुशासित र मर्यादित भएन भने त्यसले ल्याउने विकृति र विसंगति झनै ठूलो हुनेछ । यतिबेला दलहरूले निर्वाचनलाई अनुशासनबद्ध बनाएर सम्पन्न गर्ने दिशामा आफूलाई केन्द्रित गराउनु सबैभन्दा ठूलो चुनौती रहेको छ । मतदातालाई आर्थिक प्रलोभन वा डर, धम्की र त्रासले आफू र आफ्नो दलको पक्षमा पार्न खोज्नुभन्दा विचार र दृष्टिकोणबाट मतदाताको मन जित्ने प्रयासमा लाग्नु उपयुक्त हुनेछ । निर्वाचनमा लाखौं, करोडौं खर्च गर्न तयार हुने र गर्ने राजनीतिक दल र उम्मेदवारले चुनाव जितेपछि त्यसलाई उठाउन नाजायज र अनियमित कार्य गर्छन् । निर्वाचन खर्चिलो र महँगो हुनथालेपछि पार्टीहरूले पनि इमानदार र निष्ठावानभन्दा खर्च गर्न सक्ने व्यक्तिको खोजी गरेर टिकटको लेनदेन गर्ने प्रवृत्ति हावी हुन थालेको छ । यसलाई रोक्नेभन्दा उल्टै यस्ता चरित्र र पात्रहरूको बोलबाला चल्ने गरेको छ । यसमा सुधार गर्न निर्वाचनमा हुने खर्चको पारदर्शितासम्बन्धी व्यवस्था मिलाउनुपर्छ । कुन राजनीतिक दल वा उम्मेदवारले कुन तहको निर्वाचनमा कतिसम्म खर्च गर्न पाउने भन्ने तोकिएको मापदण्ड हेरेरकडाइका साथ अनुगमन गर्ने संयन्त्र निर्वाचन आयोगले बनाउनुपर्छ । निर्वाचनमा हुने यस किसिमको असीमित खर्चले राजनीतिलाई भ्रष्टीकरणतर्फ उन्मुख गराएको छ ।

# परिशिष्ट तिन: २०७४ /०५ /२३

विकल्प
राष्ट्रिय दैनिक

## सम्पादकीय

## आर्थिक वृद्धि

चुनावताका तत्कालीन नेकपा एमाले र माओवादी केन्द्रको वामपन्थी गठबन्धनले असीमित सपना बाँड्दै गाउँ, टोल र घरघरमा गएर विभिन्न खाले प्रतिबद्धता जनाए । जनतासग कबुल गरेका बाचा पूरा गर्ने विश्वास गरेरै जनताले विश्वास गरे र चुनावी श्रेष्ठता पनि हासिल पनि भयो । तर अहिले चुनावताका नागरिकसामु गरेका प्रतिबद्धता विस्मृतिमा बिलाइसकेका छन् । मार्क्स, लेनिन, र माओको राजनीतिक सिद्धान्त एवम् क्रियाशीलता अनि महात्मागान्धीको जीवनशैली अर्थात् सादा जीवन उच्च विचार कम्युनिष्ट नेताहरूमा अपेक्षा गरेर नै जनताले मत दिएका हुन । नेपाली जनता मुलुकका राजनेताहरूमा सिद्धान्तनिष्ठा र त्यागी चरित्र देख्न चाहन्छन् । तर,गरीब जनताको मुलुकमा जनताकै सुख समृद्धिका लागि काम गर्छु भन्दै चुनिएर आएको राजनेताले राजाको ठाटबाट देखाएर नया राजा बन्न खोजेको देख्दा जनतालाई छागाबाट खसेझैं लागेको छ । नेपाली कम्युनिष्टहरूमा सादा जीवन उच्च विचारका विशेषताहरू होला भन्दै जनताले भरोसा गरेको थियो । नेपाली जनताले तिनै विशेषताको त्यसै जगलाई सम्झेर नेकपालाई बहुमत दिएर जिताएका हुन् । तर जनताको त्यो आशा र भरोसामा तुषारापात हुन थालेको छ ।

मुलुकले राजनीतिक स्थायित्व र बहुमतको सरकार नभएका कारण विकासको फड्को मार्न सकेन भनेर जनतासामु बहुमत माग राख्ने वामपन्थीका कुरा जनताले पत्याए । निर्वाचनमा जनताले बहुमत मात्रै होइन पूर्ण बहुमत दिएर पठाए । अनाथेमबसोतिम पार्टी एकीकरण पनि भयो । तर यस्तो बहुमत पाएको सरकारको नौ महिनामै आलोच्य हुँदै गएको छ । कति-कति सकारात्मक कर्म भए-गरिए पनि ती आलोचनाकै चाङमा चेपिन पुगेका छन् । जनस्तरबाट सरकारप्रति असन्तुष्टि प्रकट गरिदै गर्दा बेला-बेला सत्तासीन दलका शीर्ष नेताहरूबाटै नेकपाको दुईतिहाइ बहुमतयुक्त सरकारका काम सन्तोषजनक हुन नसकेको अभिव्यक्ति सार्वजनिक भइदिदा ओली सरकार निष्प्रभावी बनेको या जनहितकारी हुन नसकेको पुष्टि हुन्छ । दुई तिहाई सरकारले सकारात्मक कामको केही थालनी गरे पनि उपलब्धीमूलक कामको गति लिइनहालेको अवस्था देखिएको छैन । देशलाई साच्चै नै योगदान दिन्छु र केहि परिवर्तन ल्याउछु भने लागि परेका युवाहरु विदेशी भूमीमा पसिना बगाउँदै रहेका छन् । उनीहरुका लागि मुलुकमा कुनै रोजगारीको व्यवस्था गर्न नसकिदा विदेश पलायन भएका छन् । केही युवाहरु कृषितर्फ आकर्षित भएर लागिरहेका छन् । जोश, जाँगरका आधारमा सुरु गरिएका ८० प्रतिशत युवाहरु अहिले आफ्नो फार्म, ग्रीन हाउस लगायत बेच्न तयार भएका पनि धेरै छन । सरकारले युवालाई शैक्षिक प्रमाणपत्र धितोमा सहुलियत कर्जा दिने नीति लिएको छ । बेरोजगार शिक्षित युवालाई स्वरोजगार बनाएर रोजगारी अभिवृद्दि गर्ने यो नीतिको उद्देश्य हो । उद्देश्य अनुरुप कार्यान्वयन हुन सके यसले धेरै शिक्षित युवालाई रोजगार बनाउने छ ।

शैक्षिक प्रमाणपत्र धितोमा व्यवसायका लागि कर्जा दिने नीति यो सरकारको मात्रै होइन, यसअघि पनि यस्तो नीति अघि सारिएको हो तर कार्यान्वयन हुन सकेन । शैक्षिक प्रमाणपत्रको सक्कलप्रति धितोमा कर्जा लिएर व्यवसाय गर्ने उत्साह त्यति सजिलै पलाउदैन । सकेसम्मम जागिर खाने र नसकेमात्रै आफ्नै कुनै काम गर्ने सोचका युवाहरु धेरै भेटिन्छन् । फेरि, आफ्नालागि रोजगारी सन्तोषजनक हुनेगरी व्यवसाय गर्न पाच-सात लाख रुपैयाँ पर्याप्त पनि होइन । व्यवसायमा आफ्नै जोखिमहरु पनि हुन्छन् । जोखिम लिएर ऋणमा व्यवसाय गर्ने व्यावसायिक सोच चाहिन्छ । युवामा स्वरोजगारीका लागि व्यावसायिक सोच विकास गर्ने तदनुकुल तालिम दिने र नेपालमा उपलब्ध साधनस्रोतको परिचालन गरेर आफु पनि रोजगार बन्ने र अरुलाई पनि रोजगारी दिने वातावरण बनाइदिने काम सरकारले बनाउन सकेमा मात्र आर्थिक समृद्दि आउन सक्छ ।

## सम्पादकीय

# गौरा पर्वको शुभकामना

सुदूरपश्चिमका महिलाहरुको ठूलो चाँड गौरा पर्व पञ्चमीदेखि सुरु भएको छ । हिमालयकी छोरी पार्वतीले भगवान शिव पति पाउन निराहार व्रत बसेको आधारमा गौरा पर्व मनाउने धार्मिक मान्यता रहँदै आएको छ । गौरा पर्वले समाजमा धार्मिक आस्था,आपसी सद्भाव बढाउन मद्दत पुऱ्याउने मात्र नभई यस पर्वमा व्रत बसी पूजा-अर्चना गर्नाले शुद्ध शान्ति प्राप्त हुने ,ईष्टकुल देवता प्रशन्न हुने जनविश्वास रहँदै आएको छ । गौरा पर्व भाद्र पञ्चमीका दिन सुरु हुने भए पनि समापन भने फरक-फरक दिन गर्ने गरिन्छ । दार्चुला, बैतडी, डडेल्धुरा, डोटी, कैलाली कञ्चनपुर लगायतका सुदूरपश्चिमका जिल्लामा आ-आफ्नै धार्मिक तथा सांस्कृतिक मान्यता अनुरुप फरक-फरक दिन पारेर गौरा पर्व मनाईने र समापन गर्ने गर्दछन् । सुदूरपश्चिमको मौलिक धार्मिक संस्कृतिलाई समेट्ने गरी मनाईने गौरा पर्व सुदूरपश्चिमसँगै भारतको कुमाउ गढ्वालमा समेत मनाउने गरीन्छ । गौरा पर्वमा खेलिने देउडाप्रति पछिल्लो समय सबै समुदायको आकर्षण बढ्दै गएको पाईन्छ । पञ्चमीदेखि नै आराध्यदेव शिवको आराधना गरि अष्ठमीका दिन सम्म व्रत बसेर सौभाग्य धनधान्य र दीर्घायुको कामना गरिन यस पर्वमा अष्ठमी पछिका दिनहरुमा महिलार पुरुष दुवले रमाइलो गर्ने गरिन्छ ।

पञ्चमीदेखि अष्ठमी सम्म गौरा देवि(पार्वती) र महेश्वर(शिव)को पूजाआजा गर्छन् । पहिलो दिन घर-घरमा तामाका भाडामा बिरुडा(पञ्चअन्न ) भिजाएर पर्वको थालनी गरेका छन् । भाद्र पञ्चमीका दिन महिलाहरुले व्रत बसी गहु केराऊ,गहत, मास र गुराँस मिसाएर तामाका भाडामा पञ्चअन्नलाई धोएर भिजाउने गरेका छन् । यिनै पाच अन्नको मिश्रणलाई बिरुडा भन्ने गरिन्छ भने यस दिनलाई बिरुडा पञ्चमीका नामले चिन्ने गरिन्छ । सप्तमीका दिन गौरा देवीलाई नजिकैका मठ मन्दिरमा भित्र्याएर पूजा अर्चना गरी विवाहित महिलाहरुले दुब धागो चढाउने गर्दछन भने अठवाली अर्थात गौराअष्टमीका दिन निराहार व्रत बसेर गौरापर्व मनाउने स्थल गौरा खलामा गौरा देवि( पार्वती) र महेश्वर(शिव)को पूजाआजा गर्छन् । गौरा पर्वमा देउडामा पौराणिक कथा, देवि देवताका गाथा र धार्मिक ग्रन्थ गाउने गरिन्छ । गौरा विसर्जन नगरीए सम्म गौरा घर, विभिन्न चौतारा तथा सार्वजनीक स्थलहरुमा पुरुष तथा महिलाहरु छुट्टाछुट्टै स्थानिय लोक भाकामा देउडा, चैतली, धुमरी, ढुस्को लगायतका भाकामा खेल खेलेर मनोरञ्जन गर्ने गर्दछन । गौरा पर्वमा देउडा गितका माध्यमबाट एक अर्कालाई दुख सुख बाड्नुका साथै सामाजिक सदभाव कायम गर्ने गरिन्छ भने गौरा पर्वलाई एकताको पर्वका रुपमा समेत लिने गरन्छि ।

गौरापर्वमा काम विशेषले घर बाहिर गएक व्यक्तिहरु पनि घर फर्कने गर्दछन । गौरा देवीलाई स्थानीय सामाजिक तथा धार्मीक मान्यता अनुरुप तिथि हेरी विसर्जन गरिने चलन छ । सुदूरपश्चिम बासीले ठूलो चाँडका रुपमा गौरालाई मनाउने गरेको भए पनि राज्यले यस पर्वलाई मान्यता दिने गरेको थिएन । मुलुकमा प्रजातन्त्र स्थापना पछि मात्र गौरालाई मान्यता दिएर गौरा अष्ठमीको दिन सार्वजनिक बिदा दिन थालिएको हो । नेपाली समाजमा जसरी हरेक चाँड पर्वहरुमा विकृति र विसगतिहरु भित्रिने गरेका छन् त्यस्तै गरि गौरामा पनि केही विसगतिहरु देखा पर्न थालेका छन् । गौरा एक नितान्त धार्मीक पर्व भए पनि यसलाई पछिल्ला दिनहरुमा प्रतियोगिताको रुपमा लिन थालिएको छ । धार्मी विधि विधान अनुरुप गरिने गौरालाई रमाइलो गर्ने माध्यमका रुपमा चित्रण गरिन थालेको छ । गत विगतमा देखिएको गौराको महिमा छिया हुदै आधुनिकिकरण बढेकाले केही वर्ष पछि गौराको धार्मीक महत्व समाप्त भएर मनोरञ्जनमा मात्र सिमित हुने निश्चित छ । यस्ता विसगतिलाई रोक्ने दायित्व यहाको समाजको हो । तर, त्यही समाज सामाजिक र धार्मीक पर्वलाई मनोरञ्जनमा परिवर्तन गर्न खोज्दैछ । यस्तो हुनु विडम्बना हो । जे होस अहिले सम्म सुदूरपश्चिमेलीहरुले गौरालाई धार्मीक चाँडको रुपमा मनाउदै आएका छन् । सुदूरपश्चिमेलीहरुले ठूलो चाँड गौराको अवसरमा सुदूरपश्चिम वासीहरुमा दीर्घायु सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको शुभकामना ।

# परिशिष्ट पाँचः २०७४ /०५ /२५

विकल्प
राष्ट्रिय दैनिक

## सम्पादकीय

# जनप्रतिनिधिलाई सुविधा

संविधानले परिकल्पना गरेअनुसार तीन तहका सरकार रहने प्रावधानअनुसार दुई चरणको स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको छ । बाँकी रहेको प्रदेश २ मा २ असोजमा हुँदै छ । यस निर्वाचनले प्रदेश तथा संघको निर्वाचनका लागि समेत आधार र विश्वास खडा गरेको छ । संघ र प्रदेशको समेत निर्वाचन घोषणा भइसकेकाले मुलुक निर्वाचनमय हुन पुगेको छ । अबको संरचनामा कोही पनि राज्य तथा राजनीतिको मूल प्रवाहबाट बाहिर रहनु नपरेकाले सामाजिक सद्भाव, लैंगिक सशक्तीकरण, राष्ट्रिय एकता तथा सामूहिक भावनाको विकास गर्नेमा कुनै शंका ठाँउ छैन । लोकतन्त्र भनेकै जनताले जनताका लागि जनताद्वारा नै गरिने शासन व्यवस्था हो भन्ने परिभाषालाई अहिलेको हाम्रो स्थानीय तहको निर्वाचनबाट स्थापित संरचना र सोचले यथार्थमा परिणत गरिदिएको छ । दुई चरणको निर्वाचनको परिणामले केवल राजनीतिक दलहरूको आकार, प्रकार र उम्मेदवारहरूको लोकप्रियता मात्र संकेत गरेको छैन । यसपटकको निर्वाचन परिणामले नागरिकका अपेक्षा गतिशील छन्, परिवर्तन चाहन्छन् अनि नागरिकहरु कुनै दल वा उम्मेदवार विशेषका आजीवन अन्धाभक्त होइन भन्ने सन्देशसमेत स्पष्ट रूपमा प्रतिबिम्बित गरेको छ ।

दलीय प्रणालीमा भएको एउटै निर्वाचन परिणाममा समेत फरकफरक दलका उम्मेदवार विजयी हुनुले आम नागरिकहरु दल वा तीनका दलीय रुझानभन्दा स्थानीय स्तरमा काम गर्न सक्ने र आम नागरिकका मन जितेका व्यक्तितर्फ आकर्षण बढेको देखिन्छ । स्थानीय निर्वाचन सम्पन्न भएकाले अब मुलुकको समृद्धिको सम्भव देखिएको छ । स्थानीय तहमा आम प्रतिनिधित्व मुलुकको समग्र शासन पद्धतिको जग भएकाले अब प्रदेशस्तर र संघमा समेत यसको सकारात्मक असर पर्नेमा दुईमत छैन । स्थानीय तहमा निर्वाचित भएका जनप्रतिनिधिहरु सेवाप्रवाह, विकास निर्माण तथा सुशासनको प्रत्याभूति दिनेभन्दा पनि केन्द्र कहा राख्ने, नाम के राख्ने वा कार्यालय भवन निर्माण र सवारीसाधन खरिदमा मात्र ध्यान दिने प्रवृत्ति देखिएको छ । असाहाय र निमुखा जनताले ठूलो आसा र भरोसा गरेर जीताएका जनप्रति निधिहरु यस्तो झमेलामा फसनु शुभसंकेत होइन ।

आफूहरुको सेवा सुविधा, पारिश्रमिक र सवारी साधन जस्ता कुराहरु उठाएर जनप्रतिनिधिहरु सुविधा भोगि र बिलासिताको मार्गमा अग्रसर भएको भान भइरहेको छ । जनता र मुलुकका लागि अहोरात्र खटिने जनप्रतिनिधिको सेवा, सुविधा र पारिश्रमिकमा सामान्यत जनताले प्रश्न उठाउदैनन् । तर त्यसको नैतिक जवाफदेहिता र औचित्य भने जनप्रतिनिधिहरूले प्रदर्शन गर्नैपर्छ । गरिब मुलुकले धान्न सक्ने सेवा, सुविधा र पारिश्रमिक जनप्रतिनिधिहरुले पाउनु पर्नेमा कसैको दुईमत हुदैन । तर, आफ्नो हात जगन्नाथ गर्न खोज्नु जनताप्रतिको धोका हो । निर्वाचित जनप्रतिनिधिहरूको अभावमा तत्कालीन स्थानीय निकायहरूले निर्णय क्षमता गुमाएको एवं भागबन्डा प्रवृत्ति र थपडी बजाएर विभिन्न सुविधा तथा भत्ता लिने विगतको प्रचलनलाई समाप्त गरेर नयाँ शिराबाट स्थानीय तहमा देखिएका समस्याहरु समाधान गर्न तर्फ लाग्नु पर्दछ । सरकारले पनि स्थानीय तहका पदाधिकारीले लिने पारिश्रमिकलाई त्यस तहले आर्जन गर्न सक्ने ख्याति, परिचालन गर्न सक्ने स्रोतसाधन तथा प्रतिस्पर्धी र जवाफदेही शासन पद्धतिका साथ विकास निर्माण सबै खाले मापदण्ड बनाएर दिने गर्नु पर्द छ । सत्तामा बसेर भत्ता मात्र खाने जनप्रतिधिलाई र विकास कार्यमा अहोरात्री खटिनेलाई एउटै सेवा सुविधा दिनु हुदैन । त्यसो गर्न सकेमा जनप्रतिनिधिहरु जनसेवामा समर्पित रहने र राज्यको समृद्धिमा योगदान पुग्न सक्नेछ ।

# परिशिष्ट छ: २०७४ /०५ /२६

विकल्प
राष्ट्रिय दैनिक

## सम्पादकीय

# आयोगको स्वागतयोग्य कदम

प्रमुख राजनीतिक दलले प्रदेश नम्बर २ को स्थानीय तह निर्वाचनलाई आ–आफ्नो प्रतिष्ठाको विषय बनाएर प्रचारमा लागेका छन् । यस प्रदेशमा ठूला राजनीतिक दलका तर्फबाट प्रचारमा अशोभनीय हर्कत देखाइएको छ । आचारसंहिताविपरीत झन्डावाल गाडीमा राज्यमन्त्री भोट माग्न हिँड्नेदेखि आपराधिक पृष्ठभूमिका र अदालतबाट दोषी ठहर भएकालाई जबर्जस्त निर्वाचन मैदानमा उतार्नमा ठूला दल नै अघि देखिएका छन् । प्रचारको क्रममा आचारसंहिता उल्लंघन मात्र होइन एकअर्काप्रति गालीगलौजको तहमा उत्रिने काम गरिरहेका छन् । राजनीतिक दल र तिनका नेताका लागि यस्तो अशोभनिय काम सुहाउने विषय होइन । विपक्षीमाथि प्रहार गर्ने कार्य स्थानीय नेता तथा कार्यकर्ताभन्दा पनि शीर्ष नेतृत्वबाटै बढी भएको छ । राजनीतिक दलको चुनावी प्रचार हेर्दा लाग्छ, उनीहरूसँग अजेन्डाको खडेरी छ । त्यसैले चुनाव प्रचारप्रसारका क्रममा राजनीतिक दलका शीर्ष नेताले आफ्नो पार्टीको अजेन्डा, नीति र कार्यक्रम बताउँदैनन् बरु प्रतिस्पर्धी दलहरूप्रति कटाक्षमात्रै गर्छन् । प्रतिस्पर्धी दल र तिनका नेतालाई गाली गरेर मात्रै चुनाव जितिँदैन । राजनीतिलाई मर्यादित बनाउन यस्ता हर्कत गर्ने काम बन्द गर्नु पर्दछ ।

नेताहरूको एकअर्काप्रतिको कटाक्षले राजनीतिप्रति सर्वसाधारणमा वितृष्णा उत्पन्न हुन सक्छ । राजनीतिक दलका शीर्ष नेताले चुनावी अभियानलाई सम्बोधन गर्ने क्रममा यस पक्षमा ध्यान पुर्‍याउन आवश्यक छ । मधेस केन्द्रित राजनीति गर्दै आएका राष्ट्रिय जनता पार्टी नेपाल, संघीय समाजवादी फोरम र नेपाल लोकतान्त्रिक फोरमजस्ता दलका सबै शीर्ष नेता यति बेला प्रदेश नम्बर २ को चुनावी अभियानमा सक्रिय छन् । उनीहरूमात्र होइन, प्रमुख दलका शीर्ष नेतृत्व पनि प्रदेश नम्बर २ को निर्वाचनमा सक्रिय छन् । नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्री शशांक कोइराला, कोषाध्यक्ष सीतादेवी यादवसमेत अन्य वरिष्ठ नेता पनि चुनावी प्रचारमा लाग्ने भएका छन् । एमालेका वरिष्ठ नेता माधवकुमार नेपाल, उपाध्यक्ष वामदेव गौतम र महासचिव ईश्वर पोखरेल प्रदेश नम्बर २ को स्थानीय तहमा खटिएका छन् भने अध्यक्ष केपी शर्मा ओली पनि चुनावी सभालाई सम्बोधन गर्न मधेस जाने तयारीमा छन् । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, उपाध्यक्ष नारायणकाजी श्रेष्ठलगायतका नेता मधेसमा खटिइरहेका छन् ।

यतिबेर सबै राजनीतिक दलदेखि सिंगो राज्यसंयन्त्र, नागरिक समाज सबैको ध्यान प्रदेश नम्बर २ को स्थानीय तह निर्वाचनमा केन्द्रित छ । यसरी निर्वाचनप्रति चासो बढ्नु आफैँमा सकारात्मक हो । आचारसंहिता कडाइका लागि निर्वाचन आयोगले पटकपटक झकझकाउँदै आएको छ । तर पनि निर्वाचन आचारसंहिता सरकार समर्थक तथा मन्त्रीहरूले नै उल्लंघन गरिरहेका छन् । बारामा राज्यमन्त्री चुनावी प्रचारका क्रममा झन्डावाल गाडीसहित पक्राउ पर्नु लज्जास्पद विषय हो । निर्वाच आचार संहिता उल्लंघन गरेको भन्दै निर्वाचन आयोगले उपप्रधान तथा स्थानीय विकासमन्त्री बिजयकुमार गच्छदारलाई स्पष्टीकरण सोधेको छ । आयोगले गच्छदारसँगै जलस्रोत राज्यमन्त्री अमरसिंह पुनलाई स्पष्टीकरण सोधेको छ । फोरम लोकतान्त्रिकका अध्यक्ष समेत रहेका उपप्रधानमन्त्री गच्छदारले वीरगञ्जमा निर्वाचन आचारसंहिता विपरित मोटरसाइकल र्‍याली निकालेको आयोगले जनाएको छ । आयोगले २४ घण्टाभित्र स्पष्टीकरण पेश गर्न र निर्वाचन आचार संहिता उल्लंघन गरेबापत वीरगञ्ज महानगरपालिकाका नेपाल लोकतान्त्रिक फोरमका तर्फबाट उम्मेदवार विमल प्रसाद श्रीवास्तवको उम्मेदवारी किन रद्द गर्न नपर्ने हो भनि आयोगको निर्णयमा भनिएको छ । जलस्रोत राज्यमन्त्री पुनले सरकारी गाडीमा कांग्रेस कार्यकर्ता राखेर निर्वाचन प्रचारमा हिँडेको भन्दै निर्वाचन आचार संहिताविपरीत सरकारी साधन स्रोतको दुरुपयोग गरेबापत जलस्रोत राज्यमन्त्री अमर सिंह पुनलाई किन कारबाही हुन नपर्ने हो भनि स्पष्टीकरण २४ घण्टाभित्र आयोगमा पेश गर्न निर्णय गरेको छ । आलोचना खेप्दै आएको आयोगले यसपटक साहस देखाएको छ यो स्वागतयोग्य कदम मान्नु पर्दछ ।

परिशिष्ट सातः २०७४ /०५ /२७

विकल्प
राष्ट्रिय दैनिक

सम्पादकीय

# औचित्यहिन मन्त्रीपरिषद विस्तार

प्रधानमन्त्री शेरबहादुर देउवाले दुई दशकअघि ठूलो आकारको मन्त्रिपरिषद गठन गरेर आफैंले कायम गरेको कीर्तिमान तोड्दै वर्तमान मन्त्रिपरिषद् पाँचौपटक विस्तार गरी ५४ सदस्यीय बनाएका छन्। गत जेठ २४ गते प्रधानमन्त्री भएका देउवाले राष्ट्रिय प्रजातन्त्र पार्टी प्रजातान्त्रिकतर्फबाट तीन मन्त्री र एक राज्यमन्त्री थपेका छन् । यसअघि देउवाले भदौ ४ गते मन्त्रिपरिषद् विस्तार गर्दै ५० सदस्यीय बनाएका थिए । देउवाले २०५२ सालमा प्रधानमन्त्री हुँदा ४९ सदस्यीय मन्त्रिपरिषद् गठन गरेका थिए । राप्रपा प्रजातान्त्रिकका संसदीय दलका नेता दीपक बोहोरालाई विज्ञान तथा प्रविधि, उपनेता विक्रम पाण्डेलाई वन तथा भू-संरक्षण र सुनिलबहादुर थापालाई आपूर्ति मन्त्रालय दिएको छ । त्यसैगरी रेमशबहादुर लामाले उद्योग राज्यमन्त्रीको जिम्मेवारी दिएको छ ।

आयल निगमको जग्गा खरिद काण्डमा मुछिएका बोहरालाई राप्रपा प्रजातान्त्रिकले आइतवार संसदीय दलको नेता चयन गर्दै उनकै नेतृत्वमा सरकारमा पठाएको छ । उनी यसअघि आपूर्तिमन्त्री हुँदा निगमले चलीको भन्दा तेब्बर बढी मूल्य तिरेर जग्गा खरिद गरेको थियो । अब देउवा सरकारमा तीन उपप्रधानमन्त्री, २६ मन्त्री, २४ राज्य मन्त्री रहनेछन् । नेपालको संविधानले २५ सदस्यीय समावेशी मन्त्रिपरिषद्को व्यवस्था गरे पनि संविधान जारी भएपछि गठित तीनवटा सरकारले जम्बो आकारको मन्त्रिपरिषद् निर्माण गर्दै आएका छन् । देउवाले निर्वाचनकै मुखमा मन्त्रिपरिषदको औचित्यहीन विस्तार गरेका छन् । निर्वाचन आयोगले नियुक्ति र सरुवा रोकी भदौ १५ देखि निर्वाचन आचारसंहितासमेत लगाइसकेको छ । कर्मचारी सरुवामा आचारसंहिता उल्लंघन भएको भन्दै आपत्ति जनाउने आयोग मन्त्रिपरिषद्मा तीन मन्त्री र एक राज्यमन्त्री नियुक्त हुँदा मौन बसेको छ। स्पष्ट बहुमतमा रहेको सत्ता गठबन्धनले साना दललाई सत्तामा ल्याउने नाउमा मन्त्री थपिरहनु औचित्यहीन मात्र नभएर मुलुकको ढुकुटीको दुरुपयोग समेत हो । सरकार टिकाउन बहुमत नभएको अवस्थामा मन्त्रीपरिषद् विस्तार गरेर भए पनि सरकार टिकाउनु प्रधानमन्त्रीको दायित्व हो । तर बहुमत हुदा हुदै यति ठूलो मन्त्री मण्डल बनाएर मुलुकको ढुकुटीको दोहन गर्नु अर्थतन्त्रको सरासर दुरुपयोग हो । देउपा सरकारले अर्थतन्त्रमाथि दुरुपयोग नगरि निर्वाचन आचर संहिता र संविधानको समेत खिल्ली उडाएको छ ।

वर्तमान संविधानले निर्धारण गरेको मापदण्ड उल्लंघन भएको बताए । संविधानले एउटा मापदण्ड निर्धारण गरिसकेको छ । २५ भन्दा बढी सदस्यीय मन्त्रिपरिषद् बनाउनु संविधानको मापदण्डको उल्लंघन हो । ठूलो मन्त्रिपरिषद् गठन गरेर देउवाले मुलुकमा आर्थिक व्ययभार थपेको र संविधानको अनादर गरेका छन् । यो नेपाली जनता र संविधानप्रतिको खेलवाड हो । मुलुकको प्रधानमन्त्रीले एउटा मन्त्री बनाउदा कति व्ययभार पर्छ भन्ने विषयमा हेक्का राख्नु पर्द छ । तर प्रधानमन्त्री देवाको मुलुकको अर्थतन्त्रप्रति कुनै वास्ता देखिएन । बाढी पीडित र भूकम्प पीडितहरु भोकै बसेको बेला देउवाले राष्ट्रिय ढुकुटीमा ब्रह्मलुट गर्नलाग्दा पनि प्रमुख प्रतिपक्ष दल एमाले र यहाँका नागरिक समाज भन्नेहरुले मौनता साध्नु आश्चर्यको कुरो हो । संविधान जारी हुनेबित्तिकै गठित एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको मन्त्रिपरिषद् ६ उपप्रधानमन्त्रीसहितको ४० सदस्यीय मन्त्रीपरिषद् बनाएको थियो । त्यति बेला मन्त्रालय टुक्र्याएर जनसंख्या तथा वातावरण, पशुपंक्षी विकास र खानेपानी तथा सरसफाइ मन्त्रालय बनाइएको थियो । त्यसपछि बनेको पुष्पकमल दाहाल नेतृत्वको सरकार ३ उपप्रधानमन्त्रीसहित ४१ सदस्यीय बनाएको थियो । अहिले देउवाले सबैलाई उछिनेर ५४ पुऱ्याएका छन् ।

परिशिष्ट आठ: २०७४/०५/२८

विकल्प
राष्ट्रिय दैनिक

## सम्पादकीय

# निषेधको राजनीति नगर

सरकारले निर्वाचन आयोगको आग्रहअनुसार प्रदेश सभा र प्रतिनिधिसभाको निर्वाचन २ चरणमा गर्ने निर्णय गरेको छ । मन्त्रिपरिषद्को बुधबार बसेको बैठकले २१ मंसिरमा दोस्रो चरणको निर्वाचन गर्ने घोषणा गर को छ । पहिलो चरणको निर्वाचन यसअघि नै १० मंसिरमा गर्ने निर्णय सर कारले गरिसकेको छ । चिसोसँगै हिउँ पर्ने भएकाले पहिलो चरणमा हिमाली र उच्च पहाडी जिल्लामा तथा दोस्रो चरणमा बाँकी क्षेत्रमा निर्वाचन गर्ने गरी मिति घोषणा गर्न सरकारलाई निर्वाचन आयोगले सुझाव दिएको थियो । आयोगले पहिलो चरणमा ३१ हिमाली र उच्च पहाडी जिल्लामा निर्वाचन गर्ने गरेको छ । आगामी माघ ७ गतेभित्र प्रदेश र केन्द्रीय दुवै तहको निर्वाचन गर्नुपर्ने संवैधानिक बाध्यताका कारण दुवै तहका यी चुनाव एकैपटक गर्नुको विकल्प छैन । अबको पाँच महिनाभित्र दुवै तहको निर्वाचन गर्नुपर्ने संवैधानिक बाध्यता छ । यसबीचमा दसैं, तिहार र छठजस्ता महत्त्वपूर्ण चाडपर्व पर्ने र मंसिर दोस्रो सातापछि हिमाली क्षेत्रमा हिउँ पर्ने भएकाले पनि निर्वाचनको लागि मंसिर १० उपयुक्त हुन जान्छ ।

दुई वर्षमा नयाँ संविधानअनुसार राज्यका निकायलाई पुनः व्यवस्थापन गर्नुपर्ने काम आरम्भ भएका त छन् तर तिनलाई पूरा गराउनेतिर अझै पनि सरकार र संसद्ले पर्याप्त ध्यान नदिएको अनुभव गरिँदै छ । स्थानीय तहका दुई चरणका निर्वाचन, अदालतको प्रादेशिक ढाँचामा व्यवस्थापन र हाम्रै प्रहरी संगठनमा सात प्रदेशका लागि अतिरिक्त प्रहरी महानिरीक्षकको नियुक्ति र पदस्थापनपछि यस्तो पुनः संरचनाले आकार लिन थालेको आभास भएको छ । तर अत्यावश्यक केही आयोग र प्रदेश प्रमुखको व्यवस्था गर्न नसकेकाले प्रादेशिक संरचनाको वैधानिक र व्यावहारिक अभ्यासपछि परिरहेको अनुभव गरिँदै छ । आगामी १० र २१ मंसिरका लागि सरकारले नै प्रदेश र संघीय संसद्का लागि निर्वाचन मिति तोकेर आवश्यक तयारी गरिसकेको अवस्थामा पनि सरकारका लाइन एजेन्सीको काम भने परम्परागत रूपमै विकास क्षेत्र र अञ्चल हुँदै जिल्लामा जाने प्रणाली नै अनुसरण भइरहेको छ । एकातिर यो व्यवस्थाले संविधानले परिकल्पना गरेको प्रादेशिक संरचनालाई सरकार र प्रशासनिक संयन्त्रले अनुसरण गर्न आनाकानी गरिरहेको सन्देश दिएको छ भने अर्कातिर स्थानीय तहको निर्वाचन भइसकेको अवस्थामा संविधानले परिकल्पना गरेको स्थानीय सरकारको अवधारणालाई कार्यान्वयन गर्नसमेत अनेक अवरोध आइरहेका छन् ।

आसन्न प्रदेश सभाको निर्वाचनअगावै प्रदेशको राजधानी तोक्ने र प्रदेश प्रमुख नियुक्त गर्ने विषय महत्वपूर्ण बनेको छ । संविधानले प्रदेश सभाको बैठक बोलाउने र प्रदेश सभामा निर्वाचित सदस्यको शपथ ग्रहण गराउने कामका लागि प्रदेश प्रमुखको भूमिका तय गरेको छ । यस्तो बेला प्रदेश निर्वाचनभन्दा पहिल्यै कमसेकम निर्वाचनका औपचारिक कार्यक्रम आरम्भ हुनुपहिले नै प्रदेश प्रमुखको नियुक्ति र राजधानी तोक्ने काम भइसक्नु वाञ्छनीय हुन्छ । निर्वाचनको कुरा गर्दा सबैको सहभागिता अनिवार्य हुन्छ । सबै राजनीतिक दलहरूले जनतासामु आफ्ना कुरा राख्न पाउनु पर्दछ । लोकतान्त्रिक व्यवस्थाको मर्म र भावना पनि यही हो । तर, पहिलो र दोस्रो चरणको स्थानीय तहको निर्वाचन बहिष्कार गरेका मधेसकेन्द्रित ६ वटा दलको गठबन्धनबाट बनेको राष्ट्रिय जनता पार्टी (राजपा) का कार्यकर्ताले मंगलबार जनकपुरमा एमालेको कार्यक्रममाथि हस्तक्षेप गर्ने प्रयास गरे । तिनले एमाले नेता माधव नेपाल र एमालेविरुद्ध नारा मात्र लगाए र सभा बिथोल्ने प्रयाससमेत गरे । प्रहरीको सक्रियतामा दुई पक्षबीच झडप भएन र एमालेको कार्यक्रम सम्पन्न भयो । यस घटनाले मधेसमा राजनीति गरिरहेको राजपा र त्यसका कार्यकर्तामा एकप्रकारको पराजित मनोविज्ञानले काम गरिरहेको र उनीहरू हतोत्साहको स्थितिमा रहेको संकेत गर्छ । वैधानिक तथा लोकतान्त्रिक राजनीतिका दृष्टिले यस्तो गतिविधि आपत्तिजनक मानिन्छ ।

परिशिष्ट नौः २०७४ /०५ /२९

विकल्प
राष्ट्रिय दैनिक

## सम्पादकीय

# शान्ति सम्झौताका बाह्र वर्ष

तत्कालीन विद्रोही नेकपा माओवादी दसवर्षे जनयुद्धलाई बृहत शान्तिसम्झौतामार्फत टुंग्याएर खुला राजनीतिमा आएको बुधबार १२ वर्ष पुगेको छ । तत्कालीन विद्रोही माओवादीका तर्फबाट अध्यक्ष पुष्पकमल दाहाल र सरकारका तर्फबाट तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले २०६३ मंसिर ५ गते प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा शान्तिसम्झौतामा हस्ताक्षर गरेका थिए । शान्ति सम्झौतामा राज्य र विद्रोही दुवैले मुलुकमा शान्ति स्थापना गर्ने र एक नेपालीले अर्को नेपालीमाथि हिंसा नगर्ने प्रतिबद्धता जनाएका थिए । प्रतिबद्धताअनुसार मुलुकमा शान्तिको बाटोमा अघि बढ्यो, राजनीतिकरुपमा ठूला परिवर्तन पनि भए तर जनताको जीवनस्तरमा सुधार आउन नसकेको छैन । शान्तिसम्झौता अनुसार भएको संविधानसभाले संविधान जारी गर्न नसके पछि दोस्रो संविधानसभाको निर्वाचन भयो । दोस्रो संविधानसभाबाट संविधान जारी भए पछि अहिले तीन तहका सरकार बनेका छन् । तर तीन तहका सरकारहरु बने पनि ती सरकारहरुले जनताको पीरमर्का बुझ्ने र समाधान खोज्ने काम गरेको पाइदैन । सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता, मृत्यु भएका तथा अंगभंग भएका व्यक्ति तथा परिवारले अझै न्याय रक्षतिपूर्ति नपाउँदा कष्टदायी जीवन बिताइरहेका छन् ।

शान्ति प्रक्रियाको महत्वपूर्ण पाटो पीडितलाई संक्रमणकालीन न्याय दिलाउने कुरा हो । तर बाह्र वर्षसम्म पनि पीडितहरुका समस्या ज्यूँका त्यूँ हुँदा पीडितहरुमा निराशा व्याप्त छ । शान्ति सम्झौता भएको आठवर्ष पछि गठन भएका आयोगले अहिलेसम्म न्याय दिलाउन सकेका छैनन् । तेस्रो पटक म्याद थप भइसके पनि सरकारले पूर्वाधार तथा आवश्यक ऐन कानुन नदिँदा कामकाज गर्न नसकेको आयोग पदाधिकारी बताउछन् । पीडित परिवारका तर्फबाट दिइएका ६० हजारभन्दा बढी उजुरीको कुनै सुनवाइ भएको छैन । सत्य निरुपण र बेपत्ता छानबिन आयोगबाट जनताले जुन आसा र अपेक्षा गरेका थिए त्य पनि अपेक्षामै सिमिति हुन पुगेको छ । त्यतिबेला विद्रोह गरेको पक्ष पार्टीको रुपमा मुलुकमा शासन गरि राखेको छ । तर शान्ति प्रकियालाई टुंगोमा पुऱ्याउने तर्फ जिम्मेवारीबोध गरेको पाइदैन । संक्रमणकालीन न्यायको मुद्दा टुंगाउन सरकार र प्रमुख दलले प्राथमिकतामा राख्न नसक्दा अहिलेसम्म संक्रमणकालीन न्याय टुंगोमा पुग्न सकेको छैन । द्वन्द्वका समयमा कति मारिए, कति घाइते, बेपत्ता भए, कति विस्थापित भन्ने राज्यसंग अझैसम्म पकिन तथ्यांक छैन ।

मुलुकमा २०४६ सालको जनआन्दोलनबाट प्राप्त प्रजातन्त्र र जनआन्दोलन २०६२/०६३ को समेत संयुक्त पहलबाट आएको लोकतान्त्रिक शासन व्यवस्थाले पनि मुलुकलाई समृद्धिको बाटोमा हिडाउन सकेको छैन । व्यवस्था परिवर्तन भएर नेताहरुको जीवनशैलीमा परिवर्तन भएको छ । तीन तहका सरकारहरुले मुलुकमा शासन गरि राखेका छन् । जनताले तिरेको करको पैसाले जनप्रतिनिधिका सेवा सुविधा अपुग हुन थाले पछि अझ जनतालाई विभिन्न तरीका कार लगाउँदै आएका छन् । तर नागरिकको अपेक्षा पुरा हुने काम कुनै सरकारले पनि गर्ने गरेको पाइदैन । विद्यमान व्यवस्थाले नागरिक अपेक्षालाई पुरा गर्न सके मात्र यसको सार्थकता देखिन्छ र शान्ति सम्झौतापछिको बाह्र वर्षको सदुपयोग भएको मान्न सकिन्छ । शान्ति सम्झौताको सदुपयोग गर्ने काम राजनीतिक दलहरुको हो त्यसैले राजनीतिक दलले विचार पुऱ्याउनु पर्छ । शान्ति सम्झौतामा सेना समायोजन तथा हतियार व्यवस्थापन, संविधानसभाको चुनाव र संक्रमणकालीन न्यायलाई प्राथमिकतामा राखिएको थियो । तर सेना समायोजन र संविधान निर्माण भए पनि संक्रमणकालीन न्याय टुंगोमा पुग्न बाँकी छ । तत्कालीन विद्रोही पक्षको नेतृत्वमा सत्तामा पुग्दा पनि शान्तिसम्झौता कार्यान्वयनमा बेवास्ता गरिनु दुखद पक्ष हो ।

## परिशिष्ट दशः २०७४ /०५ /३०

विकल्प
राष्ट्रिय दैनिक

सम्पादकीय

# विकास निर्माणको गति

कुनै पनि देशको प्रगति त्यहाँको विकास निर्माणको लक्ष्यले निर्धारण गर्ने गरेको हुन्छ । पहिलो कुरो विकास निर्माणको लक्ष्य निर्धारण गर्नु हो । सोही लक्ष्य अनुसार विकास निर्माणका आयोजनाहरु सम्पन्न गर्न सकेमा मात्र मुलुक प्रगतिको पथमा अग्रसर हुन सक्छ । तर, नेपालमा कुनै पनि विकास आयोजनाहरु समयमा सम्पन्न हुन सकेका छैनन् । २०४७ सालमा बहुदलिय व्यवस्थाको पुर्नस्थापना भए पछि बनेको कृष्ण प्रसाद भट्टराई नेतृत्वको सरकारले मेलम्चीको पानी ल्याएर काठमाडौंबासीलाई खुवाउने योजना बनाएको हो । तर, अहिले तीन दशक बितिसक्दासम्म पनि मेलम्चीको पानी राजधानी पुग्न सकेको छैन । अझैं मेलम्ची खानेपानी आयोजना आगामी पुस मसान्तसम्ममा पनि सम्पन्न नहुने सम्भावना बढ्दै गएको छ । निर्धारित लक्ष्यअनुसार सुरुङ निर्माण कार्य सम्पन्न हुन नसकेपछि दशैंअगावै मेलम्चीको पानी खान पाउने आसमा बसेका काठमाडौंवासीले पुससम्म पनि पानी खान नपाउने आशंका बढेको छ । एकपछि अर्को बहानामा बहुचर्चित मेलम्ची खानेपानी आयोजनाको निर्माण कार्यलाई लक्ष्यअनुसार तीव्रताका साथ अगाडि बढाउन सकेको छैन । मेलम्ची आयोजनामा एसियाली विकास बैंक (एडीबी) ले सहयोग गरेको छ ।

मेलम्ची मात्र नभई एडीबीको सहायतामा सञ्चालित अन्य ठूला आयोजनाको हविगत पनि त्यस्तै छ । प्रायः सबै आयोजना अलपत्र छन् । त्यस्तै निर्धारित समयभन्दा ६ वर्ष ढिलो र अनुमानित बजेटभन्दा दोब्बर बजेटमा निर्माण सम्पन्न हुन लागेको चमेलिया जलविद्युत् आयोजनाको ऊर्जामन्त्री महेन्द्रबहादुर शाहीले निरीक्षण गरेका छन् । दार्चुलाको शैल्यशिखर नगरपालिका-१ बलाच पुगेका मन्त्री शाहीले आयोजना प्रमुख अजय दाहाल र चिनियाँ ठेकेदार कम्पनीका प्रतिनिधिहरूसँग आयोजनाको पछिल्लो प्रगति विवरणका बारेमा छलफल गरेका छन् । सन् २०११ को डिसेम्बरमा निर्माण सम्पन्न गर्ने उद्देश्यका साथ सन् २००७ मा निर्माण थालिएको चमेलिया आयोजना निर्माणमा कुनै अवरोध नआए तोकिएको समयभन्दा ६ महिना ढिलो अर्थात् सन् २०१७ को डिसेम्बरमा सम्पन्न हुँदै छ । सुरुमा ७ अर्ब ५० करोडमा निर्माण सम्पन्न गर्ने अनुमान गरिएको यो आयोजनाको लागत बढेर १५ अर्ब पुग्ने देखिएको छ । ३० मेगावाटको यो आयोजना सुदूरपश्चिमकै ठूलो आयोजना हो ।

निर्माण सम्पन्न गरेर करिब २ महिनाअघि ड्याम र डिसेन्डिङ बेसिन परीक्षण गरेको आयोजनाले पाँचवटा गेटसमेत परीक्षण गरिसकेको छ । हाल ड्यामको अधिकतम् सञ्चय क्षमताको समेत परीक्षण गरिएको छ । अहिले आयोजनाले २ नम्बर टनेल बन्द गर्ने र ३ नम्बर टनेलको गेट निर्माण गर्ने काम गरिरहेको छ । पोलहरूको डाइटेन्स गरिएको तथा ३ सेप्टेम्बरबाट चमेलिया र अत्तरियाको सबस्टेसन, पावरहाउसका मेसिन र लाइनहरूको टेस्ट गर्न बाँकी रहेको आयोजनाले जानकारी दिएको छ । यी सबै परीक्षणका साथै प्रसारण लाइनमा रहेका झन्डै ३ सय रुखको कटानपछि चमेलियाले दसैंलगत्तै परीक्षण गर्ने जनाएको छ । प्रसारण लाइन क्षेत्रमा कटान गर्नुपर्ने १ हजार २ सय रुखमध्ये १ हजार ६ सय रुख काटिएको र बाँकी दुई महिनाभित्रै काट्ने योजना रहेको उनको भनाइ छ । डडेल्धुरा जिल्लामा निर्माण हुन लागेको सबस्टेसनको काम पनि अन्तिम चरणमा पुगेकाले प्रदेश ७ का ७ वटा पहाडी जिल्ला डडेल्धुराको स्याउलेमा सबस्टेसन निर्माणपछि लोडसेडिङमुक्त हुने भएका छन् । तर, यो सबै उधारो कुरो हो । पटक पटक म्याद र बजेट थप्दै गरिएको यस आयोजनाबाट अझै यति चाँडो बिजुली बाल्न पाउने आसा सुदूरपश्चिमवासीले गरेका छैनन् । मेलम्ची र चमेलिया उदाहरण मात्र हुन तर मुलुकभरी सबै आयोजनाहरूको निर्माणको गति यस्तै रहेको छ । विकास आयोजनाहरु यही गतिमा निर्मा गरिने हुन भने मुलुकको विकासका लागि अझै वर्षौं लाग्न सक्छ । त्यसैले हरेक आयोजनाहरूलाई समयसीमा भित्र सम्पन्न गर्ने तर्फ सरकारको ध्यान जानु जरुरी छ ।

## व्यक्तिवृत

नाम : रेखा थापा

जन्म मिति : २०४६।०१।०१

बाबुको नाम : धर्मराज थापा

आमाको नाम : मैनादेवी थापा

स्थायी ठेगाना : बाजुरा जिल्ला त्रिवेणी नगरापालिका वडा नं. ९

लिङ्ग : महिला

राष्ट्रियता : नेपाली

भाषिक ज्ञान : नेपाली, अंग्रेजी, हिन्दी

सम्पर्क नं. : ९८४३५२०५२०

शैक्षिक : योग्यता

| तह | संस्था/बोर्ड | उत्तीर्ण | श्रेणी |
|---|---|---|---|
| प्रवेशिका | श्री अमर उच्च मा.वि. | २०६३ | द्धितीय |
| आइ.एड. | श्री अमर उच्च मा.वि. | २०६५ | द्धितीय |
| बि.एड | श्री सिद्धनाथ बहुमुखी क्याम्पस | २०६८ | द्धितीय |
| एम.एड | विश्वविद्यालय क्याम्पस कीर्तिपुर | २०७५ | |